श्रोतः कारोवार, २०७१/६/२५

# माथिल्लो कर्णाली नेपालले बनाउन सक्छ : विजुक्छे

महेन्द्र सापकोटा-दैलेख २५ असोज–नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छेले माथिल्लो कर्णाली आयोजना नेपालले नै वनाउन सक्ने बताएका छन् । नेपाल मजदुर किसान पार्टी दैलेखको १२ औं जिल्ला सम्मेलनको उदघाटन्का क्रममा विजुक्छेले यस्तो बताएका हुन् ।

कम लगानीमा धैरै उर्जा उत्पादन क्षमता भएको यो आयोजना मुलुककै सबै भन्दा सस्तो र सजिलो परियोजना भएकाले यसलाई नेपालकै पुँजीले पुग्ने उनको भनाई रहेको छ । वर्तमान सरकाले भारतको चाहाना अनुसार आयोजनाको पिडिए सम्झौता गरेको भन्दै उनले माथिल्लो कर्णाली भारतलाई सुम्पने षड्यन्त्र भएको बताए । 'देशका युवा शक्ति वेरोजगारको चपेटामा परिरहेकै वेला यस्ता आयोजना नेपालले नै बनाई वेरोजगार युवाहरुको हितमा काम गर्नु पर्छ' उनले भने, 'लगानी वोर्डको नाममा देशका नदि नाला वेची देशलाई आर्थिक कमजोर वनाउनेलाई हामिले खवरदारी गर्नुपर्छ ।'
कुनै पनि हालतमा माथिल्लो कर्णाली आयोजना भारतीय निर्माण कम्पनीलाई दिन नहुने उनको तर्क रहेको छ । नेपाल सरकाले आफ्नै देशको स्रोत साधन प्रयोग गर्न नसक्दा ४० लाख भन्दा बढी युवाहरु विदेशिनु परेकाले यो सरकाले नेपालका छोरा छोरी विदेशिन वाध्य पारेको उनले आरोप लगाए । 'विश्वमा अरुको विकल्प छ तर पानीको विकल्प छैन त्यसैले भारतले माथिल्लो कर्णालीको वाहनामा पानी कब्जा गर्ने षड्यन्त्र गरेको छ' उनले भने, 'हरेक काममा नेपालका राजनीतिक पार्टीहरुले विदेशिलाई नसोधी काम गर्न नसक्ने भएकाले अव देश नै विदेशिको भरमा चल्न थालेको छ ।'
भारतलाई खुसी पार्नेहरुनै सरकारमा हाली मुहाली गरीरहेकाले देश नै धरापमा पर्न लागेको उनको भनाई छ । राष्ट्रिय योजना आयोगको कामनै नभएको भन्दै उनले यो दलालहरुको कमाई खाने भाडो मात्रै भएको आरोप लगाए । देश निर्माणको योजना बनाउने र कार्यान्वयन गर्ने आयोग केवल दलालहरुको स्वार्थ पुर्तिको माध्यम बनेको भन्दै बिजुक्छेले योजना आयोग र लगानी वोर्ड खारेज गर्नुपर्ने बताए ।

श्रोतः कारोवार, २०७१/६/२५

## इन्द्रसरोबर भरिन लाग्यो

रुपेश दुलाल-हेटौ“डा, २५ असोज । नेपाल विद्युत प्राधिकरणको व्याकअप मानिने मकवानपुरको कुलेखानीस्थित इन्द्रसरोवर भरिन लागेको छ । इन्द्रसरोबर रहेको कुलेखानी क्षेत्रमा यसवर्ष कम पानी परेपछि एक महिना ढिलो सरोबरको सतह भरिन लागेको हो ।

गतवर्ष भदौंमा छोटो समयमा धेरै वर्षा भएपछि सरोबर भरिएको थियो । सरोबर भरिएपछि बोरा राखेर थप पानी भण्डार गरिएको थियो । १५ सय ३० मिटर पानी भण्डारण गर्ने क्षमता रहेको सरोबरमा अहिले १५ सय २८ मिटर पानी पुगेको छ । सरोवरमा दैनिक ४ देखि ६ सेन्टिमिटरका दरले सतह बृद्धि भईरहेको कुलेखानी प्रथम जलविद्युत आयोजनाका प्रमुख रामकुमार यादवले बताए । आयोजनाका अनुसार शनिबार दिउसो सरोबरमा १५ सय २८ दशमलव १४ मिटर पानीको सतह रहेको छ ।

शुक्रबार पानीको सतह १५ सय २८ दशमलव १०, विहिबार १५ सय २८ दशमलव ०५ मिटर पानीको सतह रहेको थियो । समुन्द्री सतहबाट १४ सय ८३ मिटर पानी रहेसम्म विद्युत उत्पादनका लागि उपयोग गर्न सकिन्छ । “कम बर्षाका बाबजुद सरोबरमा अहिलेको पानी भण्डारण स्थिति सन्तोषजनक मान्नुपर्छ ।”– यादवले भने–“दैनिक सतह बृद्धि भईरहेकाले केही दिनमा पुरा भरिनेमा विश्वस्त छौं ।”

इन्द्रसरोबरमा पानी भरिन दुई मिटर मात्रै बा“की रहेकाले हिउदमा हुने लोडसेडिङ एवं भार व्यवस्थापनमा सहज हुने प्राधिकरणको भनाई छ । इन्द्रसरोबरको जलाधार क्षेत्रमा गतवर्षको तुलनामा कम पानी परेकाले सरोबर भरिनेमा आशंका गरिएको थियो । इन्द्रसरोबरमा संकलित पानी उपयोग गरी कुलेखानी प्रथमवाट ६० र दोस्रोबाट ३२ गरी ९२ मेगावाट विद्युत प्राधिकरणको केन्द्रिय प्रसारण लाईनमा जोडिएको छ ।

श्रोतः राजधानि दैनिक, २०७१/६/२५

## बरबोटेमा अर्को विद्युत् आयोजना सुरु

राजधानी संवाददाता

इलाम, २५ असोज

यता पुवाखोलाबाट विद्युत् उत्पादन गर्न इलाममा अर्को कम्पनीले पनि काम थालेको छ । पुवाखोला–१, हाइड्रोपावर प्रालिले बरबोटेबाट विद्युत् उत्पादन गर्ने गरेर काम थालेको हो ।

बरबोटे–४ को सातबीसेमा इन्टेक बनाएर बरबोटे–१ को बालनबेंसीमा पावर हाउस रहने गरी निर्माण थालिएको प्रालिले जनाएको छ ।

पुवाखोला–१ बाट चार मेगावाट विद्युत् उत्पादन हुने आयोजनाका साइड इन्चार्ज प्रमुख माधव घिमिरेले बताए । ३७ किलोमिटर लामो पेन स्टक निर्माण गरेर बालनबेंसीमा पावर हाउस राख्नका लागि जग्गा खरिद र सरोकारवालासँग छलफल भइरहेको पनि घिमिरेले जानकारी दिए ।

हाइड्रोपावरले निर्माणस्थलसम्म पुग्ने चुरे घाँटीदेखि पुवाखोलासम्मको आठ किलोमिटर सडक मर्मत तथा निर्माण गरिसकेको छ । यसरी नै निर्माण स्थलमा अस्थायी घरटहरा निर्माण गर्ने काम पनि सम्पन्न भइसकेको छ । १८ करोड ४० लाखको लागतमा निर्माण हुन लागेको हाइड्रोपावरको डीपीआर (डिडेट प्रोजेक्ट रिर्पोट) तयार गर्ने काम सुरु हुन लागेको पनि हाइड्रोपावरका इन्चार्ज घिमिरेले बताए । घिमिरेका अनुसार आयोजना अधिकतम् स्थानीय सहभागितामा निर्माण हुनेछ । प्रभावित क्षेत्रका बासिन्दासँग पर्याप्त छलफल र सहमति गरेर आयोजनाको काम अगाडि बढाउने र बरबोटे गाविसले ल्याएको सकारात्मक प्रस्तावलाई आयोजनाले सकारात्मक रूपमा लिने घिमिरेले बताउँछन् ।

इलाममा यसअघि ६ दशमलव २ मेगावाटको पुवाखोला जलविद्युत् आयोजना, चार दशमलव पाँच मेगावाटको माइखोला जलविद्युत् आयोजना सञ्चालनमा आएका छन् भने पुवाखोलामा अर्को जोशी हाइड्रो, माबुस्थित माईखोलामा ९ दशमलव ९८ मेघावाटको अपर–माई हाइड्रो निर्माणाधीन अवस्थामा रहेका छन् । दुई मेघावाटका लागि अपरमाई ए, चार दशमलव पाँच मेघावाटका लागि अपरमाई सी, दुई दशमलव पाँच मेघावाटका लागि माईखोला ए, सानी माई दुई दशमलव एक मेघावाट, सानी माई दोस्रो दुई मेघावाटलगायतका लागि खोलाका विभिन्न स्थानमा विद्युत् उत्पादन गर्न विभिन्न व्यक्ति र कम्पनीले नाम दर्ता गराएको ऊर्जा मन्त्रालयको तथ्याकंमा छ ।

मन्त्रालयको तथ्यांकअनुसार यस्तै पुवा खोलामा दुई मेघावाट, शून्य दशमलव ९ सय ९५ मेघावाट र १ दशमलव ६ मेघावाटका लागि गरी तीन स्थानमा विद्युत् आयोजना दर्ता भएका छन् । जिल्लाको अर्को ठूलो खोलो देउमाईमा ३ दशमलव ७ मेघावाट, जोगमाई खोलामा दुई दशमलव ४ मेघावाट, ५ मेघावाट र एक दशमलव ६ मेघावाटका लागि पनि आयोजना दर्ता भएका छन् ।

एकदेखि दस मेघावाटका लागि माईखोलासहित फाकफोक खोला गजुरमुखी–फाकफोकमा, बिरिङ खोलाको शान्तिपुरमा दुई दशमलव ३ मेघावाटका लागि दर्ता भएका छन् भने रतुवा, घट्टे खोला, करफोक खोला, राते खोला, सिद्धिखोलाका पनि विभिन्न स्थान जलविद्युत् उत्पादनका लागि ओगटिएका छन् ।

श्रोत: नागरिक, २०७१/६/२६

# सतलजसँग पिडिए वार्ता चाँडै

लक्ष्मण वियोगी

*काठमाडौं, असोज २५*

लगानी बोर्डले आउँदो दुई साताभित्र नौ सय मेगावाट अरूण तेस्रो जलविद्युत आयोजनाको प्रवर्द्धक भारतीय कम्पनी सतजल जलविद्युत निगमसँग आयोजना विकास सम्झौता (पिडिए) वार्ता सुरु गर्ने भएको छ।

बोर्डले कम्पनीलाई यसै साता पिडिएको प्रारम्भिक मस्यौदा पठाउँदै वार्ता गर्न आह्वान गरेको हो। पिडिएको ढाँचा बनिसकेकाले दुई महिनाभित्र सतलजसँग सम्झौतामा हस्ताक्षर गर्ने गरी काम भइरहेको बोर्डका प्रमुख कार्यकारी अधिकृत राधेश पन्तले बताए।

'नौ सय मेगावाटको माथिल्लो कर्णालीमा जिएमआरसँग सम्झौता भइसकेको छ, सतलज पनि उत्साहित छ,' पन्तले नागरिकसँग भने, 'अब सतलजसँग मात्रै होइन अन्य कुनै पनि आयोजनासँग सम्झौता गर्न समय लाग्दैन, अरूणका विषयमा लामो छलफल गरिरहनु पर्दैन।'

बोर्डले पिडिए छिटो टुंग्याउन सतलज र आयोजना निर्माणस्थलका स्थानीयसँग एकसाथ छलफल अघि बढाउने तयारी गरेको छ। यही क्रममा कार्यालयमा भेटिएका सरोकार मञ्चका एक अधिकारीले नागरिकसँग भने, 'आयोजनाबाट स्थानीयमा पर्ने प्रभावको विस्तृत अध्ययन नगरेर सतलजले बदमासी गरेको भेटिएको छ, यो संशोधन गरेपछि मात्रै वातावरण मन्त्रालयले स्वीकृत गर्नुपर्छ।

स्थानीयको माग ध्यानमा राख्दै मन्त्रालयले अपूरो अध्ययनमा उनीहरूको राय तथा सुझाव माग्दै भदौ ३१ गते सूचना निकालेको थियो। यसै साता स्थानीयको राय-सुझाव आउने र यसलगत्तै सतलजसँग वार्ता सुरु गर्ने बोर्डको तयारी छ।

## आयोजना प्रभावित स्थानीयवासीसँग पनि छलफल सुरु

स्थानीयस्तरमा बन्ने सडक, खानेपानी, स्वास्थ्य तथा शिक्षाका लागि कम्पनीले गर्नुपर्ने कामबारे विस्तृत अध्ययन नभएको स्थानीयको गुनासो छ। आयोजनाबाट संखुवासभाको सदरमुकाम खाँदबारीसहित नुम, पाथीभरा, दिदिङ, मकालुलगायत गाविस बढी प्रभावित हुने अध्ययनले देखाएको छ।

बोर्डको एक टोली कात्तिक पहिलो साता आयोजनास्थल जाने पन्तले बताए। अरूण सरोकार मञ्चसँग कार्यालयमै एक चरण छलफल भइसकेको पनि बोर्डले जानकारी दिएको छ।

पन्तका अनुसार सरकार, स्थानीय र आयोजनास्थलका बासिन्दाले पाउने सुविधा स्पष्ट किटान गरी मंसिर पहिलो साता पिडिएमा हस्ताक्षर हुनेछ। सतलजले यसअघि गरेको वातावरणीय प्रभाव अध्ययन संशोधन गरी स्वीकृत गर्ने तयारी भइरहेको वातावरण मन्त्रालयका अधिकारीले बताए।

सतलजले आयोजनास्थलको सामाजिक तथा वातावरणीय अध्ययन नगरेकाले यो संशोधन गर्नुपर्नेमा स्थानीयको समेत जोड छ। बोर्ड

भारतीय प्रधानमन्त्री साउन १८ गते नेपाल भ्रमणमा आउँदा सतलजसँग उक्त आयोजना सरकारले नै लिएर भारतीय अनुदानमा बनाउन प्रस्ताव गर्ने तयारी भएको थियो। तर, अनुदानमा बनाउने आयोजना प्रस्ताव गर्न नपरेपछि सतलजले आयोजना बनाउने र उसैसँग पिडिए गर्ने प्रक्रिया अगाडि बढाइएको हो। उक्त कम्पनी भारत सरकारको पूर्ण स्वामित्व रहेको कम्पनी हो।

संखुवासभामा अरूण तेस्रो बनाउनेबारे सतलजसँग २०६५ फागुन १९ गते सम्झौता हुँदा सरकार (नेपाल विद्युत प्राधिकरण) लाई कुल जडित क्षमताको २१.९ प्रतिशत (१९७ मेगावाट) बिजुली निःशुल्क दिने समझदारी भएको छ। ***बाँकी पृष्ठ ख***

## सतलजसँग ...

ऊबेला चार सय दुई मेगावाटमा बनाउने समझदारी भए पनि पछि कम्पनीले प्राकृतिक स्रोतको उच्चतम उपयोग गर्नुपर्ने भन्दै क्षमता बढाएर नौ सय मेगावाट पुऱ्याएको थियो।

कम्पनीले बिजुली उत्पादन सुरु भएको वर्षदेखि जडित क्षमता र ऊर्जा दुवैमा निःशुल्क बिजुली दिनुपर्नेछ। उत्पादित बिजुली भारत निर्यात हुने हुँदा बिजुली बिक्रीबाट निर्यात कर र

रोयल्टीसमेत सरकारलाई प्राप्त हुनेछ। जलविद्युत नीति, २०५८ अनुसार सतलजले कुल आम्दानीको साढे सात प्रतिशत रोयल्टी र ०.००५ प्रतिशत निर्यात कर सरकारलाई बुझाउनुपर्छ।

यो आयोजना विश्व बैंकको ऋण सहयोगमा २०५२ सालमा प्राधिकरणले नै बनाउन ठेक्का आह्वानसमेत भइसकेको थियो। तर, तत्कालीन सरकारमा रहेको एमालेलगायत सरकारबाहिर रहेका व्यक्ति तथा निकायले विरोध गरेपछि आयोजना रद्द भएको थियो।

सतलजलाई ३० वर्षसम्म आयोजना निर्माण र सञ्चालन गर्ने अनुमति हुनेछ भने त्यसपछि सञ्चालित अवस्थामा सरकारलाई हस्तान्तरण गर्नुपर्नेछ। २०६२/०६३ पछि अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गर्दा अरूण तेस्रोका लागि नौ विदेशी कम्पनीले आवेदन दिएका थिए। सरकारलाई निःशुल्क बढी बिजुली दिन सतलज तयार भएकाले उसैलाई अनुमतिपत्र दिइएको थियो।

श्रोतः अभियान, २०७१/६/२६

# पीटीए र पीडीएपछि नेपाल अन्तरराष्ट्रिय लगानीको गन्तव्य : विश्व बैङ्क

विश्व बैङ्कले नेपाल र भारतबीच हालै सम्पन्न विद्युत् व्यापार सम्झौता (पीटीए) र आयोजना विकास सम्झौता (पीडीए)ले नेपाल अन्तरराष्ट्रिय लगानीको गन्तव्य बनेको बताएको छ । बैङ्कको वार्षिक बैठकमा सहभागी हुन अमेरिका पुगेका अर्थमन्त्री डा रामशरण महतसँगको भेटमा विश्व बैङ्कका दक्षिण एशिया क्षेत्र हेर्ने जिम्मेवारी पाएका उपाध्यक्ष फिलिप हाउरेले भने, 'पीटीए र पीडीएले नेपालको जलविद्युत् क्षेत्रमा विश्वको लगानीको ढोका खुल्नुका साथै विश्व बैङ्कअन्तर्गतकै अन्तरराष्ट्रिय वित्तीय निगम (आईएफसी)ले गर्ने भनेको ६ अर्ब डलर लगानीको ढोका पनि खुलेको छ ।'

सो अवसरमा आईएफसीले ठूलो रकम लगानी गर्ने आश्वासन दिएको थियो । माथिल्लो कर्णाली जलविद्युत् आयोजना सम्झौताले नेपालमा लगानी गर्नेलाई प्रोत्साहन गरेको उनले प्रतिक्रिया दिएका छन् । उपाध्यक्ष हाउरोले जलविद्युत्का साथै नेपालमा ठूला पूर्वाधारका क्षेत्रमा विश्व बैङ्कले लगानी गर्ने आश्वासन दिए । आगामी दिनमा विश्व बैङ्कले नेपालमा लगानी बढाउने पनि उनको भनाइ छ । नेपालको आर्थिक विकासका लागि जलविद्युत्को सम्भावना उजागर गर्नुपर्ने र यसका लागि ठूलो लगानी आवश्यक रहेको भन्दै डा महतले विश्व बैङ्क र आईएफसीलाई सहयोग गर्न आग्रह गरे ।

हाउरोले डा महतलाई भने 'अब अन्य विद्युत् आयोजनामा लगानीको ढोका खुल्यो । नेपालले काम छिटो गर्ने रहेछ र निर्णय समयमा गर्ने रहेछ भन्ने सन्देश पनि विश्वसामु फैलिएको छ ।' यसको सकारात्मक प्रभाव नेपालको जलविद्युत् क्षेत्रमा मात्र नभई अन्य लगानीका क्षेत्रमा पनि पर्ने उनको भनाइ छ । विश्व बैङ्कको वार्षिक बैठकलाई सम्बोधन गर्दै डा महतले शान्ति कायम भइरहेका मुलुक र द्वन्द्वोत्तर समस्यामा रहेका नेपालजस्ता मुलुकलाई सहयोग गर्ने विश्व बैङ्कको शैलीमा स्पष्ट रूपमा फरकपन आउनुपर्नेमा जोड दिएका थिए ।

नेपालले आगामी सन् २०२२ सम्ममा विकासशील मुलुकको दाँजोमा पुग्ने दृष्टिकोण अघि सारेको चर्चा गर्दै उनले आवश्यक सहयोग गर्न आग्रह गरे । प्रतिव्यक्ति आम्दानीमा वृद्धिजस्ता केही सूचकबाहेक सामाजिक क्षेत्रका सूचकमा नेपालले अहिलेकै प्रतिकूल अवस्थामा पनि उल्लेखनीय उपलब्धि हासिल गरेको उनको भनाइ थियो । 'अति कम विकसितबाट विकासशील मुलुकमा स्तरोन्नति हुन ठूलो स्तरको लगानी आवश्यक छ,' उनले भने, 'यसका लागि ७ देखि १० प्रतिशतसम्मको आर्थिक वृद्धि आवश्यक पर्छ । विश्व बैङ्कजस्ता बहुपक्षीय दातृसंस्थाको सहयोग अपरिहार्य छ ।'

श्रोतः कारोवार, २०७१/६/२७

## अन्यौलमा तनहुँ जलविद्युत आयोजना

कृष्ण न्यौपाने-दमौली, २७ असोज । तनहुँमा निर्माण हुन लागिरहेको तनहुँ जलविद्युत आयोजना अन्यौलमा परेको छ । एसियाली विकास बैंक (एडीबी)को दबाबको कारण तनहु“ हाइड्रोपावर कम्पनीले निर्माण गर्न लागेको १४० मेगावाटको जलाशययुक्त आयोजनाको निर्माण कार्य सुरु नहुने संकेत देखिएको हो ।

परामर्शदाता छनोटमा आफ्नो सिफारिस कार्यान्वयन नगरे ऋण नदिने चेतावनी एडीबीले दिएपछि सरकार एडीबीको गलत दबाब स्वीकार गर्ने वा अर्को प्रक्रियाबाट अगाडि बढ्ने भन्ने अन्योलमा परेको छ । ५ सय ५ मिलियन अमेरिकी डलर अर्थात् झन्डै ५० अर्ब रुपैया“ लागत भएको सो आयोजनामा एडीबीले १५० मिलियन अमेरिकी डलर ऋण दिने सम्झौता गरिसकेको थियो । जर्मनीको कम्पनी ल्याह्मर इन्टरनेशनललाई परामर्शदाता नियुक्त गर्नुपर्ने अडान एडीबीले लिएपछि यो विषय चर्केको हो ।

परामर्शदाता कम्पनीले झन्डै १२ वर्षसम्म आयोजनाको सुपरभिजन र केही समय अप्रेसन पनि गर्नुपर्नेछ । तर धेरै बालुवा थुप्रिने आयोजनामा त्यसलाई सफा गर्ने कुनै प्रविधि र अनुभव नै नभएको कम्पनीलाई परामर्शदाताको रुपमा नियुक्त गर्न एडीबीले अडान लिएपछि आयोजना अन्यौलमा परेको हो ।

अनुभवहीन कम्पनीलाई परामर्शदाता नियुक्त गर्नलागेको भन्ने उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको थियो । त्यसपछि अख्तियारले छानबिन गर्दा उक्त कम्पनीको अनुभव नभएको भेटिएको थियो । अनुभवहीन कम्पनीलाई परामर्शदाता नियुक्त गर्दा आयोजना अगाडि बढ्न नसक्ने भन्दै ऊर्जा मन्त्रालयमा पत्राचार गरेको थियो ।

अख्तियारले प्रश्न गरेपछि ऊर्जा मन्त्रालयले समेत सहसचिव केशवध्वज अधिकारीको नेतृत्वमा एक टोली गठन गरेर छानबिन गरेको थियो । अधिकारी नेतृत्वको टोलीले पनि ल्याह्मर भन्ने कम्पनीसग अनुभव नभएको प्रतिवेदन मन्त्रालयमा बुझाएको छ । सो प्रतिवेदनले अर्को परामर्शदाता खोज्नुपर्ने निष्कर्र्ष निकालेको छ । सहसचिव अधिकारीको प्रतिवेदन र अख्तियारको छानबिनको कुरा एउटै आएपछि ऊर्जाले अर्थ मन्त्रालयमा पत्र पठाउदै ल्याह्मरलाई परामर्शदाता नियुक्ति गर्न एडीबीले दिएको दबाबलाई पुनरावलोकन गर्न आग्रह गरिदिन भनेको छ ।

आयोजनाको बालुवा फल्स गर्ने अनुभव र प्रविधि भएको एकमात्र कम्पनी कन्साई इलेक्ट्रिक पावर कम्पनी इंक (जापान)लाई कम नम्बर दिएर बालुवा फल्सको बारेमा कुनै अनुभव नै पेस नगरेको कम्पनी

ल्याह्मरलाई एडीबीले बढी नम्बर दिएर छनोटका लागि सिफारिस गरेको हो । कन्साईले जापानमा पनि यस्तै बालुवायुक्त जलविद्युत आयोजनामा काम गरेको लामो अनुभव र प्रविधि छ ।

एडीबीले केही दिनअघि तनहु हाइड्रोपावर कम्पनीलाई पत्र पठाउदै परामर्शदाता छान्ने आफ्नो सिफारिस कार्यान्वयन नगरे लगानीमा प्रतिकूल असर पर्नसक्ने चेतावनी दिएको छ । त्यस्तो पत्र आएको आयोजनाले पनि स्वीकार गरेको छ ।

आयोजनामा जापानको अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (जाइका)को १८ अर्ब रुपैया (१८४ मिलियन डलर), एसियाली विकास बैंक (एडीबी)को करिब १५ अर्ब रुपैया (१५० मिलियन डलर) र युरोपियन इन्भेस्टमेन्ट बैंक (इआइबी)को करिब साढे आठ अर्ब (८५ मिलियन डलर) सहयोग रहनेछ ।

आन्तरिक खपतका लागि तनहुँ आयोजना बन्न लागेको हो । १ सय ४० मेगावाट जडित क्षमताको यो आयोजनाबाट वार्षिक ८५ करोड ७७ लाख युनिट बिजुली उत्पादन हुने विस्तृत अध्ययनले देखाएको छ । आयोजनाले बेलुका (पीक आवर) को विद्युत मागलाई पूरा गर्ने छ ।

दमौलीबाट ३ किलोमिटर माथि सेती नदीमा १ सय ४० मिटर अग्लो कंक्रिट बाँध निर्माण गरी २७ किलोमिटर लामो जलाशय बनाइने र सात वर्गकिलोमिटर क्षेत्रफल ढाक्ने जलाशयमा जम्मा गरिएको पानी १ सय १३ मिटर अग्लो हेटबाट खसालेर १ सय ४० मेगावाट विद्युत उत्पादन गरिनेछ । जलाशय क्षेत्रले जिल्लाका भीमाद, छाङ, माझकोट, रिसिङ रानीपोखरी, कोटदरबार, जामुने, काहँुशिवपुर गाविस र व्यास नगरपालिकालाई प्रभावित गर्नेछ ।

श्रोतः कारोवार, २०७१/६/२७

## ९३ मेगावाट विद्‌युत्‌ उत्पादन गर्न २ प्रवद्र्धकलाई लाइसेन्स

काठमाडौं, २६ असोज । सरकारले सोलुखोला र मोलुनखोलाबाट ९३ मेगावाट विद्‌युत्‌ उत्पादन गर्न २ प्रवद्र्धकलाई अनुमतिपत्र (लाइसेन्स) दिएको छ ।

ऊर्जा मन्त्रालयले सोलुखोलाबाट ८६ मेगावाट विद्‌युत्‌ उत्पादन गर्न हाइड्रो भेन्चर्स प्रालि र मोलुनखोलाबाट ७ मेगावाट उत्पादन गर्न मोलुन हाइड्रोपावर प्रालिलाई उत्पादन लाइसेन्स दिएको हो । योसमेत गरी सरकारले हालसम्म २ हजार ५ सय ४८ मेगवाट विद्‌युत्‌ उत्पादन गर्न ९२ प्रवद्र्धकलाई लाइसेन्स दिएको छ । चालू आर्थिक वर्षको ३ महिनामा मात्र सरकारले ३ प्रवद्र्धकलाई ३ आयोजनाबाट १ सय १३ मेगावाट विद्‌युत्‌ उत्पादनको लाइसेन्स दिएको छ । बाग्मती नदीबाट २० मेगावाट विद्‌युत्‌ उत्पादन गर्न ऊर्जाले मन्दु हाइड्रोपावरलाई लाइसेन्स दिएको छ ।

हालसम्म ४३ आयोजना सम्पन्न भई ७ सय १८ मेगावाट विद्‌युत्‌ उत्पादन भइसकेको छ । आयोजनाको विस्तृत अध्ययनका साथै वातावरणीय प्रभाव मूल्यांकन सम्पन्न गरेका आयोजनाका प्रवद्र्धकले विद्‌युत्‌ प्राधिकरण वा अन्य निकायसँग विद्‌युत्‌ जडान सम्झौता (कनेक्सन एग्रिमेन्ट) का साथै लगानी गर्ने बैंकबाट आशयपत्र (लेटर अफ इन्टेन्ट) का आधारमा निश्चित समयभित्र विद्‌युत्‌ खरिद समझौता (पीपीए) र लगानी जुटाउने सर्तमा उनीहरुलाई विद्‌युत्‌ उत्पादन लाइसेन्स दिँदै आएको छ ।

सर्तअनुसार काम नगरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक दर्जन प्रवद्र्धकको लाइसेन्स खारेज गर्न ऊर्जालाई निर्देशन दिइसकेको छ । यी सबै आयोजना ढिलोमा आगामी ८ वर्षसम्म सम्पन्न हुनेछन्‌ । यी सबै आयोजना निर्धारित समयमा सम्पन्न भए आगामी १ दशकको अवधिमा विद्‌युत्‌ उत्पादन बढेर झन्डै २ हजार ७ सय मेगावाट पुग्नेछ ।

आगामी सन्‌ २०२३ सम्म विद्‌युत्‌ माग बढेर २ हजार ३ सय ६३ मेगावाट अर्थात ११ अर्ब ५ करोड ३६ लाख युनिट पुग्ने प्रक्षेपण विद्‌युत्‌ प्राधिकरणको छ । ८ हजार ९ सय ७३ मेगावाट क्षमताका ७७ आयोजना अध्ययन गर्न सरकारले विद्‌युत्‌ प्राधिकरण र निजी प्रवद्र्धकलाई सर्वेक्षण लाइसेन्स दिएको छ । ऊर्जा मन्त्रालयले अझै ५ हजार ३ सय ११ मेगावाट क्षमताका ५७ विद्‌युत्‌ आयोजना सरकार आफैले ओगटेको छ ।

निर्माणाधीन र निर्माणका तयारीमा रहेका ७८ आयोजनामध्ये विद्‌युत्‌ प्राधिकरणका ५, चिलिमे जलविद्‌युत्‌ कम्पनी लिमिटेडका ४ आयोजना छन्‌ । आगामी ६ वर्षपछि विद्‌युत्‌ प्राधिकरण र आफूअन्तर्गतका सहायक कम्पनीबाट मात्रै ८ सय ६२ मेगावाट विद्‌युत्‌ उत्पादन गर्दैछ । सबै आयोजना नदीका बहावमा आधारित (रन अफ दि रिभर) आधारित छ । वर्षादमा बिजुली बढी उत्पादन भए पनि

सुख्खायाममा नदीको वहाव कम हुँदै गएपछि उत्पादन घटेर विद्युत् उत्पादन ३३ प्रतिशतसम्म झर्ने गरेको छ ।

श्रोतः कारोवार, २०७१/६/२७

# विश्व बैंकले नेपालको जलविद्युत् र पूर्वाधारमा लगानी गर्ने

**" पीटीए र पीडीएको सकारात्मक प्रभाव "**

सञ्जय न्यौपाने-वासिङ्टन डीसी, २६ असोज । माओवादी द्वन्द्व बढ्ने क्रमसँगै पूर्वाधारमा घटाउँदै सामाजिक क्षेत्रमा लगानी बढाएको विश्व बैंकले नीति परिवर्तन गर्दै नेपालको आवश्यकताअनुसार जलस्रोत र पूर्वाधारमा लगानी गर्ने भएको छ । नेपाल र भारतबीच हालै सम्पन्न विद्युत् व्यापार सम्झौता (पीटीए) र माथिल्लो कर्णाली जलविद्युत् आयोजना प्रवद्र्धक भारतीय कम्पनी जीएमआरसँग भएको आयोजना विकास सम्झौता (पीडीए)बाट बजार सुनिश्चित भएकाले थप लगानीको ढोका खुलेको बैंकका दक्षिण एसिया उपाध्यक्ष फिलिप हाउरेले बताए ।

विश्व बैंकको वार्षिक बैठकमा भाग लिन अमेरिका आएका अर्थमन्त्री रामशरण महतनेतृत्वको टोलीसँग हाउरेले नेपालले प्रतिबद्धताअनुसार काम गरेको भन्दै प्रशंसासमेत गरे । हालै भएका २ महत्वपूर्ण सम्झौता र बजेटमा आएका नीतिका कारण अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी)को ६ सय अर्ब रुपैयाँलगायत अरु लगानी आउन सहज हुने उनको भनाइ छ । बैठकपछि महतले कारोबारलाई भने, “अब पुँजी अभावमा जलविद्युत् विकास रोकिँदैन, यसबाट हामी निकै खुसी भएका छौं ।” आउँदो १ दशकभित्र आईएफसीको समेत सहयोगले नेपालमा ३ हजार मेगावाट विद्युत् उत्पादन गर्ने गरी लगानी आउने आशा महतको छ ।

राजनीतिक स्थिरता र सरकारको प्रतिबद्धताले संसारभर सकारात्मक सन्देश पु¥याएकाले आर्थिक विकासमा दूरगामी प्रभाव पर्ने निश्चित भएको उनले बताए । “बैंकले नेपाललाई गर्ने वार्षिक सहयोग राशिको सीमा बढाइसकेको छ,” महतले भने, “इन्टरनेसनल डेभलपमेन्ट एसोसिएसन (आईडीए)को सहयोग बढेर वार्षिक ३० करोड अमेरिकी डलर पुगेको छ, क्षेत्रीय सहयोगसमेत गरेर ३ वर्षमा १ अर्ब डलरसम्म सहयोग आउन सक्नेछ ।” सडकलगायतका पूर्वाधारमा यस्तो सहयोग परिचालन गरिने महतले बताए ।

यसअघि विश्व बैंकको वार्षिक बैठकलाई सम्बोधन गर्दै मन्त्री महतले शान्ति कायम भइरहेका र द्वन्द्वोत्तर अवस्थामा रहेका नेपालजस्ता मुलुकलाई सहयोग गर्ने विश्व बैंकको शैलीमा स्पष्ट रूपमा फरकपन आउनुपर्ने धारणा राखे । सन् २०२२ सम्म विकासशील मुलुकको हैसियतमा पुग्ने नेपालको चाहना र योजना साकार पार्नका लागि सघाउन उनले विश्व बैंकलाई आग्रह पनि गरे । “यसका लागि ठूलोस्तरको लगानी चाहिन्छ,” उनले भने, “विश्व बैंकजस्ता बहुपक्षीय दातृसंस्थाहरूको अग्रसरता अपेक्षा गरेका छौं ।” नेपालको ऋण तिर्ने क्षमता बढे पनि द्वन्द्वोत्तर स्थितिमा अनुदान सहयोग बढाउनुपर्ने आवश्यकतामा पनि अर्थमन्त्रीले जोड दिए ।

त्यसलगत्तै नवीकरणीय ऊर्जासम्बन्धी बेग्लै सत्रको प्यानल सदस्यका रूपमा पनि महतले नेपालमा जलविद्युत् विकासाको उच्च सम्भावना भएको भन्दै हातेमालो गर्न आग्रह गरेका थिए । सोही सत्रमा 'कि–नोट स्पिकर' रहेका विश्व बैंकका अध्यक्ष जिम योङ किमले संसारका १ अर्ब २० करोड मानिसमा अझै पनि बिजुलीको पहुँच नभएको र २ अर्ब ८० करोड मानिसले दाउरा र कोइला बालेर खाना पकाउने गरेको बताए । "त्यसैले हामी ऊर्जा विकासमा गम्भीर छौं," उनले भने ।

महतसँगै गएका राष्ट्र बैंकका गभर्नर युवराज खतिवडालगायतको टोलीले अन्तर्राष्ट्रिय मुद्राकोषको वार्षिक बैठकमा पनि भाग लिएको थियो । नियमित बैठक भएकाले मौद्रिक क्षेत्रमा स्थायित्वका लागि केन्द्रीय बैंकको क्षमता बढाउन सम्भावित साझेदारीबारे छलफल भएको गभर्नर खतिवडाले बताए ।

**अर्थमन्त्री–अमेरिकी मन्त्री भेट**

अर्थमन्त्री महतसँग अमेरिकी विदेश सहायकमन्त्री निशा विश्वालले वासिङ्गटनस्थित बैंकको कार्यालयमा भेटी द्विपक्षीय हितका विषयमा छलफल गरिन् । अमेरिकाले नेपालको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा लामो समयदेखि पु¥याएको सहयोगका लागि धन्यवाद दिँदै महतले आगामी दिनमा अझ बढी सहयोग गर्न आग्रह गरे । अन्य मुलुकसँग नेपालको व्यापारघाटा धेरै भएको उल्लेख गर्दै उनले यसको न्यूनीकरणका लागि अमेरिकाले दिँदै आएको जीएसपी सुविधा जारी राख्न अनुरोध पनि गरे । महतले नेपालमा लगानी गरी लाभ लिन अमेरिकी लगानीकर्तालाई अनुरोधसमेत गरे ।

विश्वालले नेपालमा विकसित राजनीतिक तथा आर्थिक घटनाक्रमको प्रशंसा गरिन् । जीएसपी सुविधालाई जारी राख्नेबारे कंग्रेसमा छलफल भइरहेको जानकारी दिँदै उने नेपालमा लगानी गर्न अमेरिकी लगानीकर्ता इच्छुक रहेको बताइन् । नेपाललाई दिइँदै आएको सहयोग बढाउने आश्वासन पनि उनले दिइन् । अर्थमन्त्री महतसँग अमेरिकी अर्थ सहायकमन्त्री मारिसा लेगोले पनि विश्व बैंककै कार्यालयमा भेट गरेकी थिइन् ।

श्रोतः कारोवार, २०७१/६/२८

# जलविद्युत्मा विश्व बैंकको लगानी

नेपालले चरम ऊर्जा संकट भोगिरहेको र यस क्षेत्रमा आशालाग्दो लगानीसमेत भित्रन नसकिरहेका बेला विश्व बैंकले उत्साहजनक प्रतिबद्धता जनाएको छ । अपार सम्भावना भएर पनि जलविद्युत् क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न नसकिएको अवस्थामा विश्व बैंकले अरू क्षेत्रमा उत्साह थप्ने गरी ठूलो लगानीको प्रतिबद्धता जनाएको छ । जलविद्युत् र पूर्वाधार क्षेत्रमा लगानी गर्न विश्व बैंक पुनः तयार भएको छ । विश्व बैंकको वार्षिक बैठकमा भाग लिन अमेरिका पुगेका अर्थमन्त्री डा. रामशरण महत नेतृत्वको सरकारी टोलीसँग विश्व बैंकले नेपालका ठूला जलविद्युत् परियोजनामा लगानी गर्ने आशय व्यक्त गरेको छ । अर्थमन्त्रीकै शब्दमा यो सहयोग आउने भएपछि सहयोगको नयाँ चरण सुरु भएको छ । यसले नेपालको विकास निर्माण विशेष गरी पूर्वाधार र ऊर्जाको क्षेत्रमा ठूलो फड्को मार्न सकिनेछ ।

अरुण तेस्रो जलविद्युत् आयोजनाको विवादसँगै यस क्षेत्रबाट बाहिरिएको विश्व बैंकले २ दशकयता ठूला आयोजनामा लगानी गर्न इन्कार गर्दै आएको थियो । अर्थमन्त्री महतका अनुसार आउँदो १ दशकभित्र विश्व बैंकअन्तर्गतको आईएफसीको समेत सहयोगमा नेपालमा ३ हजार मेगावाट विद्युत् उत्पादन गर्ने गरी लगानी भिœयाउने सरकारी लक्ष्य विश्व बैंकको सहयोगका कारण सम्भव देखिएको छ ।

हाल विश्व बैंकको आइडीए सहयोग बढेर वार्षिक ३० करोड अमेरिकी डलर पुगेको छ भने सरकारी आँकडाअनुसार क्षेत्रीय सहयोगसमेत गरेर ३ वर्षमा १ अर्ब अमेरिकी डलरसम्म सहयोग आउन सक्ने अवस्था छ । विश्व बैंकले गर्ने लगानी आफैंमा सकारात्मक छँदैछ, यसले ऊर्जा क्षेत्रका बहुराष्ट्रिय कम्पनीहरूमाझ पार्ने प्रभाव त्योभन्दा कैयौं गुणा बढी महŒवपूर्ण छ । यो सकारात्मक अवस्थालाई ‘क्यास’ गर्न नेपालले नीतिगत तथा व्यावहारिक कसीमा आफ्नातर्फबाट कुनै कमजोरी हुन दिनु हुँदैन ।

भारतसँग गत महिना भएको विद्युत् व्यापार सम्झौता (पीटीए) र भारतीय कम्पनी जीएमआरसँग माथिल्लो कर्णालीका लागि भएको आयोजना विकास सम्झौता (पीडीए) सँगै नेपालमा उत्पादित विद्युत्को बजार सुनिश्चित मात्रै भएको छैन, यसले नेपाल जलविद्युत्को विकासमा गम्भीर छ भन्ने सन्देश दिएको छ । यिनै पृष्ठभूमिमा आएको विश्व बैंकले प्रतिबद्धताले अन्य लगानीकर्तालाई पनि नेपालमा आकर्षित गर्न सक्छ । नेपालले सन् २०२२ सम्म विकाससील राष्ट्र बन्नलाई आफ्ना कमजोर पूर्वाधारहरूको स्तरोन्नति र नयाँ निर्माण गर्नैपर्छ र यसका लागि आन्तरिक स्रोत–साधनको परिचालन महŒवपूर्ण भए पनि त्यो मात्र पर्याप्त हुन सक्दैन । वैदेशिक लगानीका लागि पीटीए र पीडीएजस्ता सम्झौताहरू आधार हुन् र यस्ता सम्झौताले लगानीको मनोवैज्ञानिक वातावरणसमेत तय गर्नेछ ।

कमजोर पूर्वाधारका कारण नेपालले विकासमा अपेक्षित फड्को मार्न सकेको छैन । यहाँको भौगोलिक अवस्थाका कारण ढुवानी लागत एकदमै महँगो छ । सुरुङ मार्ग होस् वा फास्ट ट्र्याक र रेलमार्गजस्ता

पूर्वाधारमा लगानीका लागि नेपाल प्रधानमन्त्री सुशील कोइरालाले भनेजस्तै 'भर्जिन ल्यान्ड' पनि हो । जलविद्युत् बाहेकका पूर्वाधार क्षेत्रमा निजी क्षेत्रको लगानी अनुभव नभए पनि अन्तर्राष्ट्रिय स्तरमा निकै सफल मानिएकाले नेपालमा यो अवश्य पनि प्रतिफलमुखी क्षेत्र हो । आयोजना निर्माण, सञ्चालन तथा हस्तान्तरण (बुट) भनिने यो मोडल लागू गर्न सकिए नेपालले चाँडै नै विकासमा फड्को मार्न सक्छ ।

जलविद्युत् र पूर्वाधारमा लगानीका लागि विदेशी लगानीकर्तालाई यहाँ आमन्त्रण गरेर मात्र सरकारको दायित्व पूरा हुन सक्दैन । उनीहरूका लागि परियोजनाको छनोटदेखि कम्पनी स्थापनाका झन्झटिला सर्तहरू समाधानका लागि सहयोग गर्नु जरुरी छ । स्थानीय स्तरमा उत्पन्न हुने समस्या, जग्गा अधिग्रहण, चन्दा आतंक तथा बन्द–हड्तालका बेलामा समेत काम नरोकिने अवस्थाको सिर्जना गरिनुपर्छ । संसारमा जहाँ पनि लगानीका अवसरहरू हुन्छन् र तीमध्ये नेपालमै किन लगानी गर्ने भन्ने प्रश्नको उत्तर सरकारले दिनुपर्छ । यो जवाफ यहाँको मौसम र प्रकृतिका बलमा मात्र दिन सकिन्न । व्यावसायिक वातावरण निर्माण गर्न सकियो भने अहिलेजस्तो लगानीकर्ताको शरण पर्नुपर्ने अवस्थासमेत आउँदैन । बजारको सुनिश्चितता र काम गर्ने वातावरण मात्र भएमा लगानीकर्ता आफैं खोज्दै आउन सक्छन् ।

श्रोतः नागरिक, २०७१/६/२८

## सार्क ऊर्जा सम्मेलन दिल्लीमा

v काठमाडौं- सार्क राष्ट्र ऊर्जा मन्त्रीस्तरीय 'ऊर्जा सम्मेलन' असोज ३० र ३१ गते भारतको नयाँ दिल्लीमा हुने भएको छ। सार्क क्षेत्रमा ऊर्जा विकासको प्रारुप तयार गर्ने लक्ष्यसाथ सम्मेलन हुन लागेको हो।

सम्मेलनका लागि ऊर्जामन्त्री राधा ज्ञवालीसहित, सह–सचिव तथा प्रवक्ता केशवध्वज अधिकारी, सिडिई राजु महर्जनलगायतको टोली भारत जाने छ। प्रवक्ता अधिकारीका अनुसार ३० गते सार्क क्षेत्रका उच्च सरकारी अधिकारीको बैठक हुनेछ।
बैठकले तय गरेका एजेन्डामा ३१ गते विस्तृत छलफल गरी प्रारुप सार्वजनिक गरिने पनि अधिकारीले बताए। सार्क क्षेत्रको ऊर्जा विकास तथा उपयोगका लागि सम्बन्धित सम्पूर्ण स्रोतको प्रयोगलाई समावेश गरिने छ। जलविद्युत, ग्यास, थर्मल, आणविकदेखि वैकल्पिक ऊर्जाका सम्पूर्ण स्रोत प्रारुपमा समेटिने उनले जानकारी दिए।

श्रोतः नेपाल समाचारपत्र, २०७१/६/२८

# ऊर्जा सम्झौताका लाभदायक पक्ष

(श्रीमन नारायण ) अन्ततः नेपाल भारत–बीच विद्युत् व्यापार सम्झौता (पीटीए) र ९ सय मेगावाटको माथिल्लो कर्णाली जलविद्युत्मा भारतीय ऊर्जा कम्पनी जीएमआरसँग आयोजना विकास सम्झौता (पीडीए) मा हस्ताक्षर सम्पन्न भएको छ। यससँगै मुलुक लगानीका लागि उपयुक्त भएको सकारात्मक सन्देश पनि प्रवाहित भएको छ। अब नेपालमा ऊर्जाको क्षेत्रमा लगानी गर्न स्वदेशी एवम् विदेशी लगानीकर्ताहरू पनि आकर्षित हुनेछन्। यस सम्झौताबाट दुवै देशबीचको आपससी सम्बन्ध सुदृढ हुनुका सथै नेपालमा जारी ऊर्जासंकटमा सुधार आउने अपेक्षा गर्न सकिन्छ।

जीएमआरले सन् २००८ मा खुल्ला प्रतिस्पर्धाद्वारा ९ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको सर्वेक्षण अनुमतिपत्र लिएकोमा सन् २०१० मा पीडीएका निम्ति निवेदन दिएको थियो। सन् २०१२ देखि निरन्तररूपमा बोर्ड र जीएमआरबीच पीडीए वार्ता हुँदै आएको थियो। मुलुकको संक्रमणकालीन अवस्था, लगानीकर्ताहरूलाई सेवा–सुविधाको विषयमा दल तथा सरकारी अधिकारीहरूबीचको मतभेद, कानुनी जटिलता लगानीकर्ताको मागदाबीलगायतका विषयका कारण यो विषय लम्बिँदै गएको थियो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणका क्रममा दुवै देशका प्रधानमन्त्रीबीच ४५ दिनभित्रमा यस सम्झौतामा हस्ताक्षर हुने मौखिक सहमति भएको थियो। निर्धारित समयमा नै सम्झौतामा हस्ताक्षर हुनु पनि एउटा उपलब्धि नै हो। यसले परस्पर विश्वासलाई पनि बढाएको छ।

लगानी बोर्डले सम्भवतः नेपालमा पहिलो पटक सबैभन्दा बढी विदेशी लगानी अर्थात् झन्डै १ खर्ब ५० अर्ब रुपियाँको लागतमा बन्न लागेको आयोजनाको प्रवद्र्धकसँग पीडीए गरेको हो। बोर्ड र उद्योग विभागको तथ्याङ्कअनुसार अहिलेसम्म नेपालमा १ खर्ब ३७ अर्ब रुपियाँ विदेशी लगानीको प्रतिबद्धता आएको छ। उपप्रधान तथा गृहमन्त्री बामदेव गौतमका अनुसार यस सम्झौताले ऊर्जा क्षेत्रमा मात्रै नभएर आर्थिक, सामाजिकलगायत सम्पूर्ण समृद्धिमा ठूलो भूमिका खेल्नेछ, साथै जनता र राष्ट्रको हितमा उपयोग गर्ने बाटो खुलेको छ।

भारतीय गृहमन्त्री राजनाथसिंहले माथिल्लो कर्णालीको सम्झौताबाट नेपालले ठूलो फाइदा लिने बताउँदै समयभित्र आयोजना बनाउन दुवै पक्ष सक्रिय हुनुपर्ने र नभए विश्वसनीयता गुम्ने भएकाले सजग हुन आग्रह पनि गरेका छन्। दुई वर्षभित्र वित्तीय व्यवस्थापन गरी त्यसको पाँच वर्षभित्र माथिल्लो कर्णाली आयोजना बनाइसक्ने लक्ष्य जीएमआरको छ। सम्झौताअनुसार आयेजनाबाट नेपाल सरकारलाई ४ खर्ब आम्दानी हुने अनुमान छ। निर्माणपछिको २५ वर्षमा निःशुल्क विद्युत् आउनेछ। पीडीएमा हस्ताक्षर भएको मितिले २ वर्षभित्र जीएमआरले वित्तीय स्रोत जुटाइसक्नुपर्ने सहमति भएको छ। स्रोत जुटाउन नसके कम्पनीलाई जरिबाना हुने प्रावधान राखिएको छ। त्यसको ५ वर्षपछि उत्पादन नगरे कम्पनीले जरिबाना तिर्नुपर्नेछ।

जीएमआरले २७ प्रतिशत निःशुल्क शेयर र १२ प्रतिशत विद्युत् सरकारलाई निःशुल्क दिनेछ। उत्पादित बिजुली नेपाल सरकारले खरिद गर्न चाहेमा ३० प्रतिशत विद्युत् खरिद गर्न सक्नेछ। ग्रामीण विद्युतीकरणका लागि जीएमआरले २ मेगावाटको छुट्टै अयोजना बनाई सरकारलाई हस्तान्तरण गर्नुपर्नेछ। साथै उक्त बिजुली प्रभावित क्षेत्रका जनता २४ सै घन्टा पाउनेछन्। सम्झौता भएको ६ महिनाभित्र अध्ययन गरी आवश्यक परे ड्याम पनि बनाउनुपर्नेछ। २५ वर्षपछि प्रसारण लाइनसहित आयोजना चालू अवस्थामा सरकारको स्वामित्वमा आउनेछ। लगातार २१ दिनसम्म बन्द–हडताल भए सरकाले आयोजनालाई क्षतिपूर्ति दिनुपर्नेछ।

नेपाललाई सन् २०२२ सम्म विकासशील मुलुकमा स्तरोन्नति हुन करिब सय अर्ब डलर अवश्यक देखिन्छ। त्यसमा देशभित्रकै लगानी पर्याप्त हुँदैन। त्यसैले विदेशी लगानीको विकल्प छैन। जलविद्युत्, पर्यटनलगायतका क्षेत्रमा विदेशी लगानी ल्याउन सक्ने सम्भावना भएका क्षेत्र हुन्। भारतसँग भएको ऊर्जा व्यापार सम्झौता (पीटीए) र माथिल्लो कर्णाली बनाउन जीएमआर एवम् लगानी बोर्डबीच भएको (पीडीए) जलविद्युत् विकासमा कोसेढुंगा हुन्। लगानी बोर्ड यसलगत्तै जीएमआरसँग भएको पीडीएलाई आधार मानी ७ सय ५० मेगावाटको अरुण तेस्रोसँग पनि सम्झौताको तयारीमा छ। भारतकै सतलज कम्पनीले उक्त आयोजनामा १ खर्ब २४ अर्ब रुपियाँ लाग्ने अनुमान गरेको छ। बोर्डका अनुसार त्यसपछि क्रमशः १ खर्ब ५ अर्ब रुपियाँको माथिल्लो मर्स्याङ्दी, १ खर्ब ११ अर्बको तामाकोशी, १ खर्ब ४८ अर्ब रुपियाँको पश्चिम सेती विकासका लागि पनि विदेशी लगानीकर्तासँग पीडीए सम्झौता गर्ने मानसिकता बनाएको छ। यसरी हेर्दा जीएमआरसँग भएको सम्झौतापश्चात् हाम्रो देशको ऊर्जाको विकासको ढोका नै खुलेको छ। पीटीए सम्झौताले नेपालको ऊर्जा क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी भित्रिनेछ।

नेपाल विगत लामो समयदेखि चरम विद्युत् संकटबाट गुज्रिरहेको छ। नेपाली जनताले दैनिक रूपमा १८ घन्टासम्मको लोडसेडिङ सहनुपर्यो। कुनै पनि दाता राष्ट्रले हाम्रो देशमा आएर मेगाप्रोजेक्टको सञ्चालन गरिदिएनन्। यस्ता विदेशी कम्पनीहरूले केवल ऊर्जा उत्पादन गर्ने इजाजतपत्रलाई आफ्नो झोलामा राख्ने र पाँचतारे होटलमा गोष्ठी मात्र गर्दै रहे। यी विदेशी कम्पनीहरूलाई भारतको बजार चाहिएको छ, नेपालको विकाससँग सरोकार छैन। नेपालको ऊर्जाको विकास भएको हेर्न नचाहने केही स्वदेशी एवम् विदेशी कम्पनीहरूले समय–समयमा व्यवधान खडा गर्दै आएका छन्। प्रधानमन्त्री सुशील कोइरालाको बलियो अडान र देशका प्रमुख राजनीतिक दलहरूसमेतको चाहनाका कारण नेपालको ऊर्जा विकासमा व्यवधान खडा गर्न चाहनेको इच्छा पूरा हुन सकेन। भारतसँगको बढ्दो व्यापार घाटालाई कम गर्नका निम्ति पनि हामीसँग यो बाहेक अर्को कुनै ठोस विकल्प हुन सक्दैन। रेमिट्यान्सका कारण हाम्रो भुक्तान सन्तुलन करिब ठिक्कै अवस्थामा छ तर यसको सामाजिक प्रभाव भने बीभत्स किसिमको पाइएको छ।

हामी भविष्यका निम्ति एउटा यस्तो नेपालको कल्पना किन गर्न सक्दैनौं, जहाँ दुई रुपियाँ प्रतियुनिटमा विद्युत् उपलब्ध हुन सकोस्। हामी आफ्नो इच्छाअनुसार विद्युत्को खपत गर्न सकौं। देशमा लोडसेडिङ पनि नहोस्। व्यापार घाटा पनि देशले भोग्नु नपरोस् तथा जीडीपीको मामलामा हाम्रो अवस्था दक्षिण एसियामा सबैभन्दा बढी होस्। हामी नेपाली आफ्नो घर, कार्यालय, कारकाखानाका साथै खाना पकाउन र गाडी गुडाउनमा समेत यसैको खपत गर्न सकौं, त्यो पनि साह्रै न्यून मूल्यमा अथवा सित्तैमा। प्रदूषण पनि समाप्त हुन जाओस् तर यी सबैका निम्ति एउटै समाधान हो जलस्रोतको सदुपयोग। बितिसकेका पाँच दशक फर्केर आउने होइन तर वर्तमान हामीसँग छ, भविष्यका निम्ति योजना हामी बनाउन सक्छौं। देश र जनताको जनजीवनमा आमूल परिवर्तन ल्याउने, जनताको जीवनस्तर उकास्ने, देशलाई सुदृढ बनाउने तथा अन्धकारबाट उज्यालो तिर लैजाने नीति नै राष्ट्रहितमा मानिन्छ। सार्ककै सानो देश भूटानले आफ्नो जलसंसाधनको समुचित सदुपयोग गर्ने दिशामा पाइला बढाएको छ। ३ वर्षअघिदेखि भूटानको जलविद्युत् आयोजनामार्फत भारतले भूटानलाई १२० मेगावाट बिजुली सित्तैमा उपलब्ध गराइरहेको छ, दश वर्षअघि भूटानका निम्ति १२० मेगावाट विद्युत् सित्तैमा पाउनु साधारण कुरा थिएन। प्रतिव्यक्ति आयको दृष्टिकोणले पनि भूटान सार्कमा अग्रणी देशका रूपमा आउँछ। जलस्रोतको सदुपयोग गर्ने भुटानको नीति प्रशंसनीय छ।

हालै भएको ऊर्जा व्यापार सम्झौता र माथिल्लो कर्णाली जलविद्युत्मा भारतीय कम्पनी जीएमआरसँग भएको ऊर्जा विकास सम्झौता नेपालको ऊर्जा विकासमा सहयोगी र फलदायी साबित हुने विश्वास गर्न सकिन्छ।

श्रोतः अभियान, २०७१/६/२८

## 'ऊर्जा र पूर्वाधारमा ठूलो सहयोग आउँदै छ'

अर्थमन्त्री डा रामशरण महतले नेपालको ऊर्जा र पूर्वाधार क्षेत्रमा अन्तरराष्ट्रिय समुदायको ठूलो सहयोग आउने बताएका छन् । साथै, संविधानसभाको दोस्रो निर्वाचनपछि अन्तरराष्ट्रिय समुदायले नेपालप्रति हेर्ने दृष्टिकोणसमेत सकारात्मक रहेको धारणा राखे । विश्व बैङ्कको वार्षिक बैठकमा भाग लिएर सोमवार स्वदेश फर्किने क्रममा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा पत्रकारसँग कुरा गर्दै उनले भने, 'त्यसको प्रभाव अब नेपालको विकास निर्माणमा पर्नेछ । ऊर्जा र पूर्वाधारका क्षेत्रमा ठूलो सहयोग जुट्नेछ र यसले समग्र आर्थिक विकासमा समेत दूरगामी सकारात्मक प्रभाव छोड्नेछ ।'

विशेषगरी हालै नेपाल र भारतबीच सम्पन्न विद्युत् व्यापार सम्झौता र माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको सम्झौतापछि विश्व समुदाय नेपालको ऊर्जाक्षेत्रमा लगानी गर्न उत्साहित भएको उनले जानकारी दिए । 'विगत २०–२२ वर्षयता विश्व बैङ्कले ऊर्जामा सहयोग गरेको थिएन । अब विश्व बैङ्कले नेपालको ऊर्जाक्षेत्रमा सहयोग दिने भएको छ । योसँगै सहयोगको नयाँ चरण शुरू भएको छ,' उनले भने ।

विश्व बैङ्क समूहअन्तर्गतको करीब ६ खर्ब रुपैयाँबराबरको कोष परिचालनको सम्भावना बढेको उनले बताए । डा महतले विश्व बैङ्कको वार्षिक बैठकमा भाग लिनुका साथै अमेरिकी विदेश सहायकमन्त्री निशा विश्वाल र अमेरिकी अर्थसहायकमन्त्री मारिसा लेगोसँग भेट तथा छलफल गरेका थिए ।
उनले सो अवसरमा विश्व बैङ्कले आयोजना गरेको पुनःप्रयोगयोग्य ऊर्जासम्बन्धी अर्को एक कार्यक्रममा विशेष वक्ताका रूपमा भाग लिएका थिए । अहिले करीब दुई दशकपछि विश्व बैङ्क समूहले पनि नेपालको ऊर्जा र पूर्वाधारका क्षेत्रमा ठूलो सहयोग गर्ने वचन दिएको हो ।

श्रोतः अभियान, २०७१/६/२८

## पहिरोले अवरुद्ध ६८ मेवा विद्युत् उत्पादन सुचारु भएन

पुष्प कोइराला

लोडशेडिङको समय बढ्ने हिँउद शुरू हुन लाग्दासमेत सिन्धुपाल्चोकको माङ्खा गाविसमा गएको पहिरोका कारण अवरुद्ध ६८ मेवा क्षमताका ७ ओटा जलविद्युत् आयोजना अझै सुचारु हुन सकेका छैनन् । अवरुद्ध आयोजनामध्ये २ दशमलव ५ मेगावाटको सुनकोशी सानोलाई सञ्चालनमा ल्याउन अझ १० देखि १२ महीनासम्म लाग्न सक्ने आयोजना प्रवद्र्धक सानिमा माई हाइड्रोपावर लिमिटेडका प्रमुख कार्यकारी अधिकृत डा. सुवर्णदास श्रेष्ठले बताए । उक्त आयोजनालाई बालुवा र माटोले पुरेका कारण हाल सफा गर्ने काम भइरहेको उनले जानकारी दिए । 'सफा गर्न मात्रै अझै डेढ महीनाजति लाग्छ,' सीईओ श्रेष्ठले भने, 'प्रारम्भिक अध्ययनअनुसार आयोजनामा प्रयोग भएका हाइड्रो मेकानिकलसम्बन्धी सबै उपकरण परिवर्तन गर्नुपर्ने देखिन्छ ।' यसका लागि कति खर्च लाग्छ भन्ने कुरा विस्तृत अध्ययनपछि मात्रै थाहा हुने उनले बताए।

पहिरोका कारण बाँधको दुईओटा ढोका क्षति भएको नेपाल विद्युत् प्राधिकरणले प्रवद्र्धन गरेको १० मेवाको सुनकोशीलगायतका आयोजना पनि सञ्चालनमा ल्याउन सकिएको छैन । प्राधिकरणका निमित्त कार्यकारी निर्देशक रामचन्द्र पाण्डे भन्छन्, 'सम्भव भएसम्म अवरुद्ध आयोजनाहरू चाँडो सञ्चालनमा ल्याउने प्रयास भइरहेको छ ।' पहिरोकै कारण प्रसारण लाइनमा क्षति पुगेर अवरुद्ध भएको ४५ मेवाको भोटेकोशी आयोजना पनि टावर निर्माणका लागि स्थानीयले जग्गा उपलब्ध गराउन नमानेपछि सञ्चालनमा आउन सकेको छैन । ३ मेवाको भैरवकुण्ड, ३ मेवाको चाकु खोला, १ दशमलव ८० मेवाको मध्यचाकुखोला र १ दशमलव ७८ मेवाको तल्लो चाकुखोला आयोजना पनि अवरुद्ध नै छन् ।

पहिरोका कारण आयोजनाहरू अवरुद्ध हुँदा विगतका वर्षहरूमा भन्दा यस वर्षको हिउँदमा लोडशेडिङ अझ बढ्न सक्ने भएकाले हिउँदमा लोडशेडिङ कम गर्न भारतबाट थप २ सय मेगावाट विद्युत् खरीदको पहल भइरहेको प्राधिकरणका निमित्त कार्यकारी निर्देशक पाण्डेले बताए । असोज १२ गते  दिल्ली गएको प्राधिकरणका पदाधिकारी टोलीले भारतको पावर टे«ड कर्पोरेशन (पीटीसी)सँग यसबारे छलफल गरेका थिए । भारतले प्राविधिक पक्षको विश्लेषण गरी प्रतिक्रिया दिने बताएको थियो ।

करीब २ सय मेवाको हाराहारीमा आयात हुँदै आएको विद्युत्लाई ४ सय ३० मेवासम्म पु¥याउने तयारी रहेको पाण्डेले बताए ।

केही महीनाअघि मात्रै कण्डक्टर परिवर्तन गरी क्षमता बढाइएको कुशाहा–कटैया प्रसारण लाइनबाट मात्रै थप १ सय मेवा विद्युत् ल्याउन सकिने उनको भनाइ छ ।

त्यस्तै, अन्य क्रशबोर्डर लाइनहरूको पनि क्षमता अभिवृद्धि गरी थप विद्युत् आयात गरिने उनले जानकारी

दिए । तर, थप गरिने २ सय मेवामध्ये पूरै विद्युत् तत्कालै ल्याउन भने नसकिने उनको भनाइ छ । ‘नेपालको खरीद प्रस्तावमा सहमति भएको १५ दिनभित्रमा ५० मेवा विद्युत् थप आयात गरिनेछ,’ निमित्त कार्यकारी निर्देशक पाण्डेले भने, ‘त्यस्तै ७५ मेवा सहमतिको डेढ महीनाभित्र र बाँकी ७५ मेवा आगामी ३ महीनाभित्र ल्याउन सकिनेछ ।’ उक्त परिमाणको विद्युत् आयात भएमा आउँदो हिउँदमा लोडशेडिङ बढीमा दैनिक १२ घण्टामा सीमित गर्न सकिने उनले बताए । वितगका वर्षहरूमा हिउँदमा दैनिक १६ देखि १८ घण्टासम्म लोडशेडिङ हुने गरेको थियो ।

श्रोतः आर्थिक दैनिक, २०७१/६/२८

# ऊर्जामा लगानी गर्न चीनसँग आग्रह

नेपाली उद्यमी/व्यवसायी र नेपाल भ्रमणमा आएको चीनको युनान प्रान्तको आर्थिक प्रतिनिधिमण्डलबीच भेट भएको छ । भेटमा महासंघका अध्यक्ष प्रदीपजंग पाण्डेले युनान प्रान्तको वाणिज्य विभागका उपमहानिर्देशक याङ हुईको नेतृत्वमा नेपाल भ्रमणमा आएको १६ सदस्यीय चिनियाँ आर्थिक प्रतिनिधिमण्डललाई नेपालका ऊर्जा क्षेत्रमा चिनियाँ लगानी भित्र्याउन आग्रह गरेका थिए । चीनको सरकारी तथा निजी क्षेत्रका प्रतिनिधिहरु सम्मिलित चिनियाँ आर्थिक प्रतिनिधिमण्डललाई महासंघका अध्यक्ष पाण्डेले द्विपक्षीय आर्थिक तथा व्यावसायिक सम्बन्ध विस्तारमा पनि जोड दिएका थिए । प्रत्येक वर्ष युनान प्रान्तको कुनमिङमा आयोजना हुँदै आएको ‘चीन दक्षिण एसियाली व्यावसायिक फोरम’मा महासंघको सक्रिय सहभागिताबाट आपसी आर्थिक तथा व्यावसायिक सम्बन्ध विस्तारलाई थप परिणामदायी बनाउन सहयोग पुगेको पनि अध्यक्ष पाण्डेले बताएका थिए । द्विपक्षीय व्यापारघाटा कम गर्न नेपालमा चिनियाँ लगानीको खाँचो रहेको अध्यक्षको जोड थियो । यसका लागि नेपालमा तुलनात्मक लाभका क्षेत्र र लगानीका सबैभन्दा बलिया र प्राथमिकता प्राप्त क्षेत्रको रुपमा पहिचान गरिएका जलविद्युत, पर्यटन, सेवा क्षेत्रमा लगानी गर्न चिनियाँ प्रतिनिधिमण्डलसमक्ष अध्यक्ष पाण्डेले आग्रह गरेका थिए ।

चीन सरकारबाट सात हजार सात सय ८६ वटा नेपाली वस्तुहरुको निकासीमा दिइएको भन्सार छुटको सुविधालाई नेपाली निजी क्षेत्रले भरपूर उपयोग गर्ने विश्वास दिलाउँदै अध्यक्ष पाण्डेले नेपालको चीनसँगको व्यापार विस्तारका लागि सरल बैंकिङ सुविधा, व्यापार सहजीकरणका लाागि पूर्वाधार विकास, सुविधासम्पन्न भन्सार नाकाहरुको व्यवस्था, चीनमा खपत हुने वस्तुहरुको पहिचानसहित नेपालमा संयुक्त लगानीमा उत्पादन विस्तार, नेपाली उत्पादनलाई चीनमा गुणस्तर मान्यता दिनुपर्नेलगायतमा जोड दिएका थिए । पाण्डेले फागुनमा काठमाडौंमा हुने ‘नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला’मा भाग लिन चिनियाँ प्रतिनिधिमण्डललाई निम्तोसमेत दिए । भेटमा उपमहानिर्देशक याङ हुईले नेपालको विकास प्रयासमा आफूहरुले सदैव सहयोग गर्ने आश्वासन दिँदै दुई देशका व्यवसायीहरुबीच आपसी सम्बन्ध विस्तार, निरन्तर सूचना तथा सम्पर्क आदानप्रदान, व्यावसायिक भेटवार्ता, संयुक्त लगानीका सम्भाव्य परियोजनाहरुको जानकारी उपलब्ध गराई चिनियाँ लगानी आकर्षणका लागि वातावरण बनाउन आग्रहसमेत गरेका थिए ।

उनले नेपालको ऊर्जा विकासको प्रयासमा सहयोग गर्ने आश्वासनसमेत दिएका थिए । महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठले नेपाल र युनान प्रान्तबीचको आर्थिक व्यावसायिक सम्बन्ध विस्तारका लागि भएका आपसी प्रयासलाई सफल र परिणामदायी बनाउन निरन्तर यस प्रकारका भेटघाट, बैठक तथा छलफलमा जोड दिए । महासंघको ऊर्जा समितिका सभापति ज्ञानेन्द्रलाल प्रधानले ‘ऊर्जामा लगानी’ विषयमा कार्यपत्र प्रस्तुत गर्दै ऊर्जामा लगानीका लागि अहिले सबैभन्दा सुनौलो समय भएको स्पष्ट पारेका थिए । नेपालमा उत्पादित ऊर्जा दक्षिण एसियाका भारत, बंगलादेशलगायतका देशमा सहज निर्यातको सम्भाव्यता रहेको र सरकारबाट समेत जलविद्युत्मा लगानी गर्नेलाई कर छुटलगायतका सुविधा दिइएकाले यो समय नेपालमा ऊर्जामा लगानीका लागि सबैभन्दा उपयुक्त भएको उनको धारणा थियो ।

श्रोतः आर्थिक दैनिक, २०७१/६/२८

# एडीबीको दबाबको कारण १४० मेगावाटको माथिल्लो सेती जलविद्युत् आयोजना अगाडि नबढ्ने संकेत

**सम्झौता भइसकेको ऋण रोक्ने धम्कीयुक्त पत्र**




एसियाली विकास बैंक (एडीबी)को दबाबको कारण तनहुँ हाइड्रोपावर कम्पनीले निर्माण गर्नलागेको १४० मेगावाटको जलाशययुक्त माथिल्लो सेती जलविद्युत् आयोजनाको निर्माणकार्य सुरु नहुने संकेत देखिएको छ । परामर्शदाता छनोटमा आफ्नो सिफारिस कार्यान्वयन नगरे ऋण नदिने चेतावनी एडीबीले दिएपछि सरकार एडीबीको गलत दबाब स्वीकार गर्ने वा अर्को प्रक्रियाबाट अगाडि बढ्ने भन्ने अन्योलमा परेको छ । ५०५ मिलियन अमेरिकी डलर अर्थात् झन्डै ५० अर्ब रुपैयाँ लागत भएको सो आयोजनामा एडीबीले १५० मिलियन अमेरिकी डलर ऋण दिने सम्झौता गरिसकेको थियो । अत्यधिक बालुवा वहने तनहुँस्थित सेती नदीमा निर्माण हुने सो आयोजनाको प्रत्येक वर्ष जलाशयको समेत बालुवा फ्लस गरेर सफा पार्नुपर्ने हुन्छ । त्यसको कुनै अनुभव नभएको जर्मनीको कम्पनी ल्याहमर इन्टरनेशनललाई परामर्शदाता नियुक्त गर्नुपर्ने अडान एडीबीले लिएपछि यो विषय चर्केको हो । परामर्शदाता कम्पनीले झन्डै १२ वर्षसम्म आयोजनाको सुपरभिजन र केही समय अप्रेसन पनि गर्नुपर्नेछ । तर धेरै बालुवा थुप्रिने आयोजनामा त्यसलाई सफा गर्ने कुनै प्रविधि र अनुभव नै नभएको कम्पनीलाई परामर्शदाताको रुपमा नियुक्त गर्न एडीबीले अडान लिएपछि आयोजनाको भविश्य अनिश्चित बनेको हो । सम्झौता भइसकेको ऋण नआएपछि अन्य निकायको समेत ऋण प्रभावित हुने र त्यति धेरै ऋण खोज्न सरकारलाई पनि समस्या पर्ने हुन्छ । परामर्शदाताले एक वर्ष बोलपत्र कागजात तयार, छ वर्ष निर्माण र पाँच वर्ष सञ्चालन गरी १२ वर्ष आयोजनाको सुपरिवेक्षण गर्नुपर्नेछ । एडीबीले दिएको पैसाले नपुगेपछि त्यसलाई सरकारले नै पाल्नुपर्नेछ । यसमा ऊर्जामन्त्री राधा ज्ञवाली समेत सहमत छैनन् । परामर्शदाताका लागि एडीबीले दुई करोड ७५ लाख अमेरिकी डलर अर्थात् दुई अर्ब ७५ करोड रुपैयाँ कर्जा दिएको छ ।

स्रोतका अनुसार बालुवा फ्लस गर्ने अनुभव र प्रविधि नभएको उक्त ल्याहमर कम्पनीलाई १२ वर्षसम्म

परामर्शदाताको रुपमा राख्न एडीबीले छनोट गरेपछि तनहुँ कम्पनीले नियुक्त गर्ने प्रक्रिया अगाडि बढाएको थियो । अनुभवहीन कम्पनीलाई परामर्शदाता नियुक्त गर्नलागेको भन्ने उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको थियो । त्यसपछि अख्तियारले छानबिन गर्दा उक्त कम्पनीको अनुभव नभएको भेटिएको थियो । अनुभवहीन कम्पनीलाई परामर्शदाता नियुक्त गर्दा आयोजना अगाडि बढ्न नसक्ने भन्दै ऊर्जा मन्त्रालयमा पत्राचार गरेको थियो । अख्तियारले प्रश्न गरेपछि ऊर्जा मन्त्रालयले समेत सहसचिव केशवध्वज अधिकारीको नेतृत्वमा एक टोली गठन गरेर छानबिन गरेको थियो । अधिकारी नेतृत्वको टोलीले पनि ल्याह्मर भन्ने कम्पनीसँग अनुभव नभएको प्रतिवेदन मन्त्रालयमा बुझाएको छ । सो प्रतिवेदनले अर्को परामर्शदाता खोज्नुपर्ने निष्कर्ष निकालेको छ । सहसचिव अधिकारीको प्रतिवेदन र अख्तियारको छानबिनको कुरा एउटै आएपछि ऊर्जाले अर्थ मन्त्रालयमा पत्र पठाउँदै ल्याह्मरलाई परामर्शदाता नियुक्ति गर्न एडीबीले दिएको दबाबलाई पुनरावलोकन गर्न आग्रह गरिदिन भनेको छ । तर ऊर्जाको उक्त पत्रबारे अर्थ मन्त्रालयले केही बोलेको छैन । एडीबी ठूलो दाता भएको कारण अर्थ मन्त्रालय अप्ठ्यारोमा परेको छ । ‘सिफारिसअनुसार परामर्शदाता नियुक्त नगरे एडीबी रिसाउने, गरे अख्तियारले कारबाही गर्ने भएकाले समस्या छ’, अर्थका एक अधिकारीले भने, ‘अनुभवहीनलाई परामर्शदाता नियुक्त गर्‍न एडीबीका कन्ट्री डाइरेक्टरले दबाब दिनु अशोभनीय छ ।’

आफ्नो सिफारिसप्रति ऊर्जा मन्त्रालय सहमत नभएको संकेत पाएपछि एडीबीको प्रतिनिधिले पटक–पटक ऊर्जामन्त्री राधा ज्ञवाली र सचिव राजेन्द्रकिशोर क्षेत्रीलाई आफ्नो सिफारिस कार्यान्वयन गर्न आग्रह गर्दै आएको छ । लामो समयसम्म सो कम्पनीलाई राख्नुपर्ने भएकाले ऊर्जामन्त्री ज्ञवाली पनि अनुभवहीन ल्याह्मरप्रति सकारात्मक नभएकी हुन् । फ्लसिङ सिस्टम नभएको कम्पनीलाई परामर्शदाता नियुक्त गर्ने/नगर्नेबारे अध्ययन भइरहेकाले यस बारेमा थप नबोल्ने ऊर्जामन्त्री ज्ञवालीले बताइन् । ऊर्जा मन्त्रालय स्रोतका अनुसार ऋण सम्झौता हुनुअघि तत्कालीन मन्त्रीद्वय अर्थमन्त्री शंकरप्रसाद कोइराला, ऊर्जामन्त्री उमाकान्त झा, प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक अर्जुन कार्की र एडीबीका नेपालका लागि आवासीय निर्देशक किन्ची योकोयामाको मिलेमतोमा परामर्शदाता छान्ने अधिकार एउटा ऋणदाता एडीबीलाई दिइएको थियो । स्रोतका अनुसार त्यतिबेला आइसीटीसी नामक दलाल कम्पनीले गर्दा सो निर्णय लिइएको हो । ल्याह्मर आइसीटीसीले लबिङ्ग गरेको कम्पनी हो । परामर्शदाता छनोट गराउने काम एडीबीलाई नै दिलाउने निर्णय आइसीटीसीको योजनाअनुसार त्यतिबेलाका दुई मन्त्री कोइराला र झा तथा प्राधिकरणका एमडी कार्कीले गरेका हुन् । उनीहरु सबै आइसीटीसीनिकटका व्यक्तिका रुपमा चिनिन्छन् । उनीहरु सरकारी कार्यालय समयमा पनि आइसीटीसी गएर पटक–पटक छलफल गर्दथे ।

आयोजनाको बालुवा फल्स गर्ने अनुभव र प्रविधि भएको एकमात्र कम्पनी कन्साई इलेक्ट्रिक पावर कम्पनी इंक (जापान)लाई कम नम्बर दिएर बालुवा फल्सको बारेमा कुनै अनुभव नै पेस नगरेको कम्पनी

ल्याह्मरलाई एडीबीले बढी नम्बर दिएर छनोटका लागि सिफारिस गरेको हो । कन्साईले जापानमा पनि यस्तै बालुवायुक्त जलविद्युत् आयोजनामा काम गरेको लामो अनुभव र प्रविधि छ । तर एडीबीले सिफारिस गरेको ल्याह्मरसँग भने योबारे एक प्रतिशत पनि अनुभव छैन । पैसा खुवाएकै कारण सो कम्पनीलाई एडीबीका नेपालका लागि हालका आवासीय निर्देशक किन्ची योकोयामाले सिफारिस गरेको स्रोतको दाबी छ । अख्तियार र ऊर्जा मन्त्रालयले उठाएको प्रश्नको बारेमा एडीबीका नेपालस्थित कन्ट्री डाइरेक्टरले सफाइ दिन नसक्नुले पनि पैसा खाएरै ल्याह्मरलाई सिफारिस गरेको देखिन्छ । आयोजना प्रमुख सुनिलकुमार ढुंगेलले पनि एडीबीलाई अख्तियार र ऊर्जाले उठाएको प्रश्नको चित्तबुझ्दो जवाफ दिन पटक–पटक आग्रह गरे पनि त्यसलाई उनीहरुले सुनेका छैनन् । सेटिङ्गमा ल्याह्मरलाई सिफारिस गरेको कारण एडीबीले अख्तियार र ऊर्जाले उठाएको प्रश्नको उत्तर दिन नचाहेको हो । पहिलोपटक आवश्यक आवेदन नपरेपछि एडीबीले परामर्शदाताको लागि दोस्रोपटक अघिल्लो साउनमा बोलपत्र आह्वान गरेको थियो । त्यसमा इलेक्ट्रीसिटी डे फ्रान्स (ईडीएफ), एमडब्ल्यूएच इन्टरनेसनल इंक (अमेरिका), मोट म्याकडोनाल्ड लिमिटेड (बेलायत), ट्रयाक्टवेल इन्जिनियरिङ (फ्रान्स), ल्याह्मर इन्टरनेशनल (जर्मनी) र कन्साई इलेक्ट्रिक पावर कम्पनी इंक (जापान)ले बोलपत्र पेस गरेका थिए । तीमध्ये सबैभन्दा राम्रो कम्पनी कन्साई भए पनि आसीटीसीसँग एडीबीको नेपालस्थित अधिकारीहरुको राम्रो सम्बन्ध भएको कारण बालुवा फल्समा अनुभव नै पेस नगरेको ल्याह्मर कम्पनीलाई बढी नम्बर दिइएको स्रोतको दाबी छ । यो घटनाले एडीबीका अधिकारीहरु घुस पाएपछि अनुभवहीनहरुलाई पनि कामको जिम्मा दिन्छन् भन्ने पुष्टि भएको ऊर्जा मन्त्रालय स्रोतले जानकारी दियो ।

एडीबीले केही दिनअघि तनहुँ हाइड्रोपावर कम्पनीलाई पत्र पठाउँदै परामर्शदाता छान्ने आफ्नो सिफारिस कार्यान्वयन नगरे लगानीमा प्रतिकूल असर पर्नसक्ने चेतावनी दिएको छ । त्यस्तो पत्र आएको आयोजनाले पनि स्वीकार गरेको छ । 'परामर्शदाता नियुक्तिका लागि हामीले छानेको ल्याह्मर कम्पनी ठीक छ भनेर एडीबीले पत्र पठाएको छ', आयोजना स्रोतले भन्यो, 'हामीले सिफारिस गरेको कम्पनी नियुक्त भए पनि हाम्रो लगानीमा प्रतिकूल असर पर्छ भनेको छ । एडीबीजस्तो संस्थाले यो भन्नु गलत हो ।' आयोजना प्रमुख ढुंगेलले भने एडीबीले आफ्नो सिफारिस ठीक भएको जिकिर गरेर पत्र पठाएको बताए । स्रोतका अनुसार एडीबीले ऋण रोक्ने चेतावनीसहितको पत्र पठाएपछि आयोजना प्रमुख ढुंगेलले ऊर्जामन्त्री ज्ञवालीलाई भेट गरी परामर्शदाता छनोटमा एडीबीको सिफारिस कार्यान्वयन नगर्दा नेपालको अन्य विकास निर्माणको काम पनि प्रभावित हुने भन्दै ल्याह्मरलाई नै परामर्शदाता नियुक्ति गर्दा राम्रो हुने सुझाव दिएका छन् । तर मन्त्री ज्ञवाली भने त्यसमा सहमत छैनन् । एडीबीको कन्ट्री डाइरेक्टरले हेडअफिसले ल्याह्मरलाई नै परामर्शदाता नियुक्ति गर्न भनेको जानकारी आयोजना र ऊर्जा मन्त्रालयलाई दिए पनि त्यसमा सत्यता छैन । अर्थ मन्त्रालयका एक अधिकारीले भने, 'कन्ट्री डाइरेक्टरको सिफारिसअनुसार नै एडीबीको हेडक्वार्टरले निर्णय गर्ने हो ।' जाइकाले अध्ययन गरेको उक्त माथिल्लो

सेती आयोजना निर्माण गर्न सरकारले तनहुँ हाइड्रोपावर कम्पनी नामको छुट्टै कम्पनी स्थापना गरेको थियो । आयोजनामा नेपाल विद्युत् प्राधिकरणको सर्वाधिक सेयर हुनेछ । आयोजना २०१४को प्रारम्भमा निर्माण सुरु गराई सन् २०२० मा सम्पन्न गर्ने कार्यक्रम थियो । आयोजना लागत हालको बजारमूल्यअनुसार करिब ५० अर्ब रुपैयाँ लाग्नेछ ।

आयोजनामा जापानको अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (जाइका)को १८ अर्ब रुपैयाँ (१८४ मिलियन डलर), एसियाली विकास बैंक (एडीबी)को करिब १५ अर्ब रुपैयाँ (१५० मिलियन डलर) र युरोपियन इन्भेस्टमेन्ट बैंक
(इआइबी)को करिब साढे आठ अर्ब (८५ मिलियन डलर) सहयोग रहनेछ । पहिला इआइबीले ५० मिलियन डलर मात्र लगानी गर्ने बताएको थियो । पछि सो रकम थप गरेको हो । यी निकायसँग सहयोगसम्बन्धी सम्झौता भइसकेको छ । बाँकी रकम सरकार र प्राधिकरणले लगानी गर्नेछ । सरकार र प्राधिकरणको आठ अर्ब रुपैयाँ लगानी हुनेछ । सन् २०१५को अन्त्यसम्म ठेक्कापट्टा गरिसक्ने र सन् २०१६ को सुरुदेखि निर्माण थाल्ने सरकारको संशोधित योजना पनि पूरा नहुने देखिएको छ । यसअघि सन् २०१४को जनवरीभित्र ठेक्का सम्झौता गरी फेब्रुअरीमा परामर्शदातालाई काममा खटाइसक्ने लक्ष्य तनहुँ हाइड्रोको थियो । अत्यधिक बालुवा बग्ने हुनाले उक्त आयोजना महंगो आयोजनामा पर्छ । तर नेपालको मध्यभागमा निर्माण हुने भएकाले सो आयोजनाबाट अत्यन्त पिक समयमा हुने बिजुली कटौतीको मारबाट आम उपभोक्ता मुक्त हुने विश्वास गरिएको छ । आयोजनाबाट आठ गाविस प्रभावित भए पनि एक सयभन्दा पनि कम घर मात्र विस्थापित हुनेछन् । एडीबीले आयोजना निर्माण अवधिभर एक प्रतिशत र विद्युत् उत्पादन सुरु भएपछि एक दशमलव ५ प्रतिशत ब्याजमा ऋण दिने सहमति गरेको हो । अप्रिल २२को २०१३मा एडीबीले ऋण सम्झौता गरेको थियो । जाइकाले भने एक प्रतिशत ब्याजमा सहुलियतपूर्ण ऋण दिएको हो ।

लगानी जुटे पनि परामर्शदाता नियुक्तिमा भएको लापरबाहीले सो आयोजना लथालिङ्ग भएको हो । स्रोतका अनुसार परामर्शदाता नियुक्तिमा त्यतिबेलाका अर्थमन्त्री कोइराला, ऊर्जामन्त्री झा र प्राधिकरणका एमडी कार्कीको मिलेमतोमा एडीबीलाई दिइएको हो । सोही कारण एडीबीले पनि आइसीटीसीको दबाबमा अनुभवहीन कम्पनीलाई छानेको हो । त्यसले गर्दा आयोजना थप एक वर्ष ढिला भइसकेको छ । एक वर्ष पछाडि पर्दा आयोजनाको लागत थप १० प्रतिशतभन्दा बढीले बढ्नेछ । उक्त आयोजनाको प्राधिकरणले विद्युत् खरिद सम्झौता (पीपीए) गर्न अस्वीकार समेत गरेको थियो । आफ्नै सहायक कम्पनीले निर्माण गर्ने आयोजनाको खरिददर महंगो भएपछि अस्वीकार गरेको हो । जलाशय आयोजना भएकाले पुनःस्थापनादेखि जग्गा अधिग्रहणमा बढी रकम लाग्ने हुँदा त्यसको लागत प्रतियुनिट १२ रुपैयाँसम्म पर्ने अध्ययनले देखाएको छ ।

श्रोतः कारोवार, २०७१/६/२९

# पेट्रोलियमको मूल्य नियामक निकायले तोक्नुपर्छ

प्रा. अमृतमान नकर्मी
ऊर्जा विश्लेषक

तत्कालीन सोभियत संघको खार्को इन्स्टिच्युट अफ अटोमोबाइल हाइवेबाट मेकानिकल इन्जिनियरिङमा स्नातकोत्तर अमृतमान नकर्मीले त्रिभुवन विश्वविद्यालयअन्तर्गतको पुल्चोक इन्जिनियरिङ क्याम्पसमा ३ दशकसम्म अध्यापन गरे । यही असोजदेखि उनले विश्वविद्यालयबाट अवकाश लिएका छन् । नकर्मीले २०३५ सालदेखि त्रिविमा अध्यापन थालेका हुन् । विगत ३ दशक लामो अध्यापनको अनुभव अब अध्ययन—अनुसन्धानमा खर्चिने नकर्मीको योजना छ । नेपाल आयल निगम लिमिटेडमा ४ वर्ष महाप्रबन्धकका रूपमा काम गरेका नकर्मीले निजी क्षेत्रको चौधरी ग्रुपमा समेत भाइसप्रेसिडेन्टका रूपमा काम गरिसकेका छन् । मेकानिकल इन्जियिरिङका अतिरिक्त उनले क्यानाडाको इन्स्टिच्युट अफ अल्वर्टाबाट व्यवस्थापनामा समेत स्नातकोत्तर गरेका छन् । व्यवस्थापन र प्राविधिक पक्षको समन्वयबाट मात्र अपेक्षित लक्ष्य प्राप्ति हुने उनी बताउँछन् । जलस्रोतको उपयोगबाट मात्रै देशको आर्थिक–सामाजिक रूपान्तरण देख्ने नकर्मीसँग जलविद्युत् विकास र पेट्रोलियमको स्वचालित मूल्यका विषयमा केन्द्रित रहेर कारोबारकर्मी बाबुराम खड्काले गरेको कुराकानीको सारसंक्षेप ः

भर्खरै विश्वविद्यालयबाट अवकाश पाउनुभएको छ, ३ दशक लामो अध्यापन र अनुसन्धानको अनुभवलाई उपयोग गर्न आगामी दिनमा यहाँको के योजना छ ?

मेरो रुचि अध्ययन–अनुसन्धानमा छ । लामो समयदेखि मैले अध्यापनको अतिरिक्त अध्ययन–अनुसन्धान गर्दै आएको छु । यसलाई निरन्तरता दिँदै युवा पुस्तालाई आपूmले जानेका कुरा बाँड्ने मेरो मुख्य योजना हो । त्यसबाहेक अध्ययन अनुसन्धानमा युवालाई सहभागी गराउने मेरो लक्ष्य छ ।

**लामो समयदेखि देशमा चर्को लोडसेडिङ भइरहेको छ । यो हुनुको मुख्य कारण के हो ?**

ऊर्जा भनेको यस्तो चीज हो, जसको एक तप्कादेखि अर्को तप्कासँग अन्तरसम्बन्ध हुन्छ । जस्तो पेट्रोलियमको कुरा गर्दा यो पनि बिजुलीसँग अन्तरसम्बन्धित छ । अन्तरसम्बन्धमा हामीले ध्यान नदिईकन उप–क्षेत्रलाई मात्र विकास गर्न खोज्यो भने समस्या आउँछ । ऊर्जाको समस्या आउनुमा यही नै प्रमुख कारण हो । मुलुक १ दशक लामो द्वन्द्वमा फसेकाले नयाँ आयोजना अघि बढ्न सकेन । यही कारणले विद्युत् अभाव भई व्यापक रूपमा डिजेलको प्रयोग गरेर ऊर्जा उत्पादन भइरहेको छ । आफूसँग भएको जलस्रोतको उपयोग नगरीकन आयातीत डिजेल प्रयोग गरेर ऊर्जा उत्पादन गरिरहेका छांै । यो हुनुमा एकीकृत ऊर्जा रणनीतिको राम्रो खाका तयार नहुनु हो, जसले गर्दा विद्युत्को मात्र कुरा गर्ने तर ऊर्जाको मागको सही तरिकाबाट आँकलन नगर्ने प्रवृत्तिले देशमा लोडसेडिङ भएको हो । हामीकहाँ अपार जलस्रोत छ भनेर बिजुली निकासीको कोसिस भइरहे पनि सफल हुन सकिरहेको छैन । वर्षातमा पनि दैनिक ८ घण्टा लामो लोडसेडिङ भोगिरहेका छौं । त्यसैले लोडसेडिङको दीर्घकालीन समस्या समधान गर्न सरकारले ऊर्जाको सही व्यवस्थापन गर्नुपर्छ ।

**नेपाल विद्युत् प्राधिकरणले आगामी सन् २०३० सम्मका लागि विद्युत्को माग प्रक्षेपण गरिसकेको छ । आजको दिनमा यति बिजुली चाहिन्छ भनेर उसले १ दशकअघि नै प्रक्षेपण गरेको थियो । यसमा ध्यान दिन नसक्नु राज्यको**

**कमजोरी हैन र ?**

राज्यको कमजोरी हो । विद्युत् प्राधिकरणले प्रक्षेपण गरेको माग पनि सही होइन । उसले प्रक्षेपण गरेको सप्रेस माग मात्र हो । यो जनताले चाहेको माग नै होइन । प्राधिकरणको प्रक्षेपण जनताको मागभन्दा धेरै न्यून छ । आगामी सन् २०२२ सम्म हामी अल्पविकसितबाट विकासशील मुलुक बनाउने तयारी गरिरहेका छौं । तर, यूएनडीपी र एसियाली विकास बैंक (एडीबी) लगायत अन्य थुप्रै दातृ निकायले आर्थिक सामाजिक विकास गर्न ऊर्जा नभई नहुने निष्कर्ष निकाल्दै ऊर्जा विकासको आधारभूत तत्व हो भनेर आफ्नो धारणा बाहिर ल्याइसकेका छन् । मानव विकासको ०.१ लक्ष्य प्राप्त गर्न करिब वार्षिक प्रतिव्यक्ति २ हजार युनिट चाहिन्छ । अहिले हामी वार्षिक १ सय युनिट प्रतिव्यक्ति ऊर्जा खपतको अवस्थामा छौं । विकासशील बन्न २ हजार युनिट पुग्नुपर्छ । अर्को कुरा, प्राधिकरणले ऊर्जाको माग प्रक्षेपण जुन किसिमले गरेको छ, पराम्परगत छ । मैले गरेको अनुसन्धानले के देखाउँछ भने सन् ९० को दशकतिर खाना पकाउन सबैभन्दा सस्तो मटीतेल थियो र बिजुली महँगो । अहिले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियमको भाउ बढेर गइरहेको छ, यसले गर्दा खाना पकाउन मटीतेलभन्दा बिजुली सजिलो र सस्तो भइसकेको छ । तर, लोडसेडिङले गर्दा अहिले बिजुली बाल्न पुगेको छैन । खाना पकाउने कुरा त परै जाओस् । राजधानीकै कुरा गर्दा सानो परिवारका लागि जति हामी ऊर्जा खपत गर्छौं त्यसको ७० प्रतिशत खाना पकाउन खर्च गर्छौं । पर्याप्त मात्रमा आन्तरिक खपतका लागि बिजुली उत्पादन गर्नुप¥यो । यसका लागि सस्तोमा आयोजना बनाउनुपर्छ ।

**यो लक्ष्य पूरा गर्न राज्यले के गर्नुपर्छ ?**

मेरो विचारमा सबैभन्दा पहिले आफ्नै देशमा उपलब्ध जलस्रोतलाई बिजुली उत्पादनमा जोडतोडका साथ लगाउनुपर्छ । चालू आर्थिक वर्षको बजेटमा सरकारले ऊर्जामा ३७ अर्ब रुपैयाँ बजेट विनियोजन गरेको छ । यस्तै शिक्षामा ८५ अर्ब विनियोजन गरिएको छ । मेरो अध्ययनले के देखाउँछ भने प्रत्येक वर्ष नेपालले करिब १ सय अर्ब रुपैयाँ ऊर्जामा खर्च गर्न सके यो लक्ष्य प्राप्ति गर्न सक्छौं ।

**यहाँले भनेजस्तै जलस्रोत विकास गरेर पर्याप्त बिजुली उत्पादन गर्न स्वदेशी पुँजीले मात्र पुग्दैन, विदेशी लगानी पनि चाहिन्छ । लगानीमैत्री वातावरण छैनन भनेर विदेशी पुँजी नेपालमा आउन सकेको छैन । यस्तो अवस्थामा ऊर्जा विकास कसरी सम्भव देख्नुहुन्छ ?**

अब लगानीमैत्री वातावरण सिर्जना राज्यले गर्नुपर्छ । लगानीकर्तालाई सहुलियत राज्यले दिनुपर्छ । अन्य देशमा पनि सरकारले लगानीकर्तालाई सहुलीयत दिएर आकर्षित गरेको पाइन्छ । विप्रेषणलाई व्यवस्थापन गरेर जलविद्युत्मा पर्याप्त पुँजी जुटाउन सकिने अवस्था भए पनि सरकारको ध्यान यसतर्फ गएको छैन । कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ३० प्रतिशत रकमबराबर विप्रेषण नेपाल भित्रिइरहेको छ । प्रायः सबै विप्रेषण उपभोगमा मात्र खर्च भइरहेको छ । उत्पादनमा लगानी नै हुन सकेको छैन । यहाँका बैंक तथा वित्तीय संस्थाहरूले एउटा संयन्त्र विकास गरेर राम्रो प्रतिफलको प्रत्याभूति गरे त्यसलाई ऊर्जा विकासमा लगानी गर्न सक्छौं । जति आएको छ त्यसको २५ प्रतिशत मात्र ऊर्जामा लगानी गर्न सक्यौं भने यही रकम जलविद्युत् विकासका लागि पर्याप्त हुन्छ ।

**व्यक्तिगत तवरबाट केही लाख रकम विप्रेषणका रूपमा आउने गरेको छ । यहाँले यसलाई एकीकृत गर्न कसरी सम्भव देख्नुहुन्छ ?**

यसका लागि उपाय छ नि । सामूहिक लगानी कोष गठन गरेर यसबाटै लगानी जुटाउनुपर्छ । वित्तीय टर्ममा स्पेसल प्रपोज भेइकल भनिन्छ । भेइकलमा विभिन्न बैंक तथा वित्तीय संस्थालाई समावेश गर्न सकिन्छ । यसमा सरकारले सहजीकरण गरिदिनुपर्छ । प्रतिफल दिँदा आयकर नलगाउने व्यवस्था हुनुपर्छ । सामूहिक लगानी कोषबाट सानासाना रकम जम्मा गरेर लगानी जुटाउन सकिन्छ । लगानी जुटाउने अर्को माध्य ऋणपत्र पनि हो । राज्यले

ऋणपत्र जारी गरेर लगानी जुटाउँदै आएको छ । यस्तै, एडीबी र विश्व बैंक अन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) ले पनि नेपाली मुद्रामा ५० अर्ब रुपैयाँको बन्ड निकाल्ने तयारी गरिरहेका छन् । यस्तै जलविद्युत् लगानी विकास कम्पनीले पनि यस्तै गरी लगानी जुटाउन खोजिरहेको छ । त्यसैले विप्रेषणलाई उपभोगमा मात्र नभई उत्पादन क्षेत्रमा लगानी गर्न ल्याउनुपर्छ । प्रतिफल राम्रो दिएर विप्रेषणलाई ऊर्जामा  लगानी गर्न सकिन्छ ।

**आगामी ८ वर्षमा वार्षिक बिजुली खपत प्रतिव्यक्ति २ हजार युनिट पुग्छ ?**

अहिलेको अवस्था हेर्दा सन् २०२२ सम्म यो लक्ष्य पूरा गर्न गाह्रो हुन्छ । बिस्तारै लगानी बढाउँदै जानुपर्छ । अहिले प्रतिव्यक्ति खपत १ सय युनिट छ  । २०३० सम्म प्रतिव्यक्ति ऊर्जा खपत १ हजार ८ सय युनिटसम्म पु¥याउन सकिने देखिन्छ । आगामी ८ वर्षमा सम्भव छैन । जलविद्युत् निर्माण आजको दिनबाट सुरु गर्दा आयोजनाको प्रकृति हेरी १० वर्षसम्म लाग्न सक्छ । फेरि यहाँ समयमा आयोजना नबन्ने गरेको छ । एकैचोटी गर्न सक्दैनौं ।

**यहाँको भनाइलाई आधार मान्दा विकासशील बन्ने लक्ष्य पूरा नहुने भयो नि ?**

सरकारले जुन किसिमले पूरा गर्न योजना तय गरेको छ त्यहीअनुसार काम पनि हुनुप¥यो । सरकारले अहिले केही गरेको छैन । सरकारले ऊर्जामा ३७ अर्ब रुपैयाँ बजेट विनियोजन गरेको छ । यसलाई बढाएर न्यूनतम वर्ष १ सय अर्ब रुपैयाँ पु¥याउनुपर्छ । राज्यको लगानी हरेक वर्ष १ सय अर्ब रुपैयाँभन्दा बढी हुनुपर्छ ।

**राज्यले निजी क्षेत्रलाई खुला गरेर आफ्नो लगानी घटाउँदै गएको अवस्था छ । राज्यले अब लगानी बढाउन नसक्ने देखिन्छ नि !**

पर्याप्त मात्रमा सहुलियत दिएर राजनीतिक र भौतिक जोखिमलाई राज्यले वहन गर्नुपर्छ । जोखिम भएको अवस्थामा लगानी गर्न कोही पनि आउँदैन । राज्यले निजी क्षेत्रलाई यस्तो लगानी गर्ने अवस्था बनाउनुप¥यो ताकि धमाधम निजी लगानी आओस् । यता विद्युत् प्राधिकरणले ४ वर्षपछि वर्षातमा बिजुली बढी हुन्छ भनेर लगानीकर्तासँग विद्युत् खरिद सम्झौता (पीपीए) गर्न मानेको छैन । उसले बिजुली बाल्नलाई मात्र ध्यान दिएको छ । तर खाना पकाउने अन्य प्रयोजनमा बिजुली खपत हुन्छ भनेर ध्यान दिएकै छैन । जबकि बिजुलीबाट खाना पकाउन सस्तो भइसक्यो । विद्युत् प्राधिकरण पनि स्मार्ट हुनुप¥यो । स्मार्ट बनाउन प्राधिकरणलाई सुधार गर्नुपर्छ ।

**प्राधिकरणलाई कसरी सुधार गर्न सकिन्छ ?**

प्राधिकरणलाई राजनीतिक हस्तक्षेपमुक्त बनाउनुपर्छ । स्वतन्त्र रूपमा उसलाई काम गर्न दिनुपर्छ । जनशक्तिको राम्रो व्यवस्थापन हुन सकेको छैन, जसले गर्दा संस्थालाई भद्दा बनाएको छ । विदेशमा २ हजार ५ सय मेगावाट विद्युत् उत्पादन गर्ने संस्था ५ सय कर्मचारीले चलाएका छन् । ७ सय मेगावाट उत्पादन र व्यवस्थापन गर्ने विद्युत् प्राधिकरणमा १२ हजार कर्मचारी छन् ।

**सरकारले सहरियालाई बर्सेनि अर्बौं रुपैयाँ एलपीजी ग्यासमा अनुदान दिँदै आएको छ, यो अनुदान आवश्यक हो ?**

जसले पैसा तिर्न सक्छ, उसले मात्र ग्यासको प्रयोग गरेको छ । तिर्न नसक्नेले प्रयोग गर्न सकेको छैन । असनको भरिया हेर्नुस् न, उसले मटीतेलमा खाना पकाइरहेको छ । राज्यले उसबाट प्रतिलिटर १४ रुपैयाँ बढी लिइरहेको छ । ग्यासमा खाना पकाउने सहरियालाई राज्यले प्रतिसिलिन्डर ५ सय रुपैयाँ अनुदान दिइरहेको छ । ग्यासको भाउ २ वर्षदेखि बढेको छैन । उपभोक्ता मूल्य सूचकांक हेर्दा हरेक वर्ष १० प्रतिशतका दरले वस्तुको भाउ बढेको छ । यस्तो अवस्थामा ग्यासको भाउ स्थिर राख्ने ? यो हुनै सक्दैन । बजारको अवस्थाअनुसार वस्तुको मूल्य निर्धारण हुनुपर्छ । ग्यासको भाउ पनि बजार मूल्यअनुसार निर्धारण गरिनुपर्छ ।

**यहाँको विचारमा सरकारले ग्यासमा दिँदै आएको अनुदान हटाउनुपर्छ ?**

मैले अहिलेदेखि होइन, पहिलादेखि नै भन्दै आएको छु । ग्यासमा दिँदै आएको अनुदान हटाउनुपर्छ । अनुदान

एकैपटक नभई विस्तारै चरणबद्ध रूपमा हटाउनुपर्छ । यस्तै सरकारले भर्खरै पेट्रोलियम पदार्थमा स्वचालित मूल्य निर्धारण गरेको छ । यो सही निर्णय हो । यो मैले १० वर्षदेखि भन्दै आएको हो । यसको सूत्र मैले दिएको हो, तर यो नै सबै होइन । स्वचालित मूल्य निर्धारण गर्न नेपाल आयल निगम बोर्डलाई दिनु हुँदैन । ऊ सरकारको भए पनि नाफामुखी संस्थान हो । त्यसकारण मूल्य निर्धारण गर्न स्वतन्त्र आयोग गठन गर्नुपर्छ । उसले मूल्य निर्धारण गर्नुपर्छ । नियामक निकायबाट स्वचालित रूपमा मूल्य निर्धारण भएपछि निजी क्षेत्र पनि पेट्रोलियममा आउन सक्छन् । जहाँ प्रतिस्पर्धा राम्रो हुन्छ, उपभोक्ताले वस्तु र सेवा दुवै राम्रो पाउँछ । त्यसैले पेट्रोलियममा प्रतिस्पर्धा गराउनुपर्छ । यसको मतलब आयल निगमलाई खारेज गर्ने होइन । निगम पनि चाहिन्छ, साथसाथै निजी क्षेत्र पनि । अन्तर्राष्ट्रिय बजारभाउका आधारमा पेट्रोलियमको भाउ निर्धारण हुन थालिसकेको छ । निजी क्षेत्रलाई खोल्ने उपयुक्त मौका यही हो ।

**यो कार्यान्वयन होला त ?**

कार्यान्वयन गर्नुपर्छ । तर, यसका लागि स्वतन्त्र नियामक निकाय चाहिन्छ । गठन भएपछि नियामकले पनि निजी क्षेलाई पेट्रोलियम कारोबारमा सहभागी गराउनुपर्छ । मूल्य निर्धारण निगम बोर्डलाई मात्र जिम्मा दियो भने कार्यान्वयन नहुन पनि सक्छ । जस्तै निगमले उपभोक्ताबाट प्रतिलिटर ४ रुपैयाँ ब्याज असुल्दै आएको छ । ऋणको ब्याज उपभोक्ताले तिर्नुपर्ने हो र ? उपभोक्ताबाट निगमले जति ब्याज लिएको छ यसको कारण समयमा मूल्य समायोजन नभएर भएको हो । निगमले तिर्नुपर्ने कर्जालाई सेयरमा रूपान्तरण गर्नुपर्छ । जनताबाट ४ रुपैयाँ ब्याज किन लिने ? अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियमको आपूर्ति बढेकाले प्रतिब्यारेल ८० डलरमा झर्न सक्ने पेट्रोलियम विश्लेषकले अनुमान गरेका छन् । आजको दिनमा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियमको भाउ प्रतिब्यारेल ९० डलरमा झरेको छ । निगमले अहिले प्रतिब्यारेल १ सय ४ डलरका आधारमा पेट्रोलियमको भाउ निर्धारण गरेको छ । निगमलाई सीमित नाफा मात्र दिने बाँकी रकम सरकारले बनाएको मूल्य स्थिरीकरण कोषमा जम्मा गर्नुपर्छ ।

**मोबाइल चार्जमा मात्रै वार्षिक ९३ मेगावाट विद्युत् आवश्यक पर्ने यहाँको अध्ययनले देखाएको छ । कसरी बताइदिनुस् न ?**

यो सजिलो छ । मोबाइल चार्ज गर्न १ घण्टा लाग्छ भने त्यसमा कति बिजुली खपत हुन्छ । त्यसलाई क्यालकुलेट गर्नुस्, औसतमा हिसाब निस्कन्छ । नेपालमा टेलिकम एनसेलका गरी २ करोड मोबाइल भइसक्यो । अध्ययनअनुसार वार्षिक ९३ मेगावाट चाहिन्छ । यो विद्युत् प्राधिकरणको प्रक्षेपणमा देखिँदैन । त्यसैले प्राधिकरणको प्रक्षेपण सही छैन । प्राधिकरणको प्रक्षेपणमा नयाँ प्रविधिले खपत गर्ने विद्युत्को परिमाण नै छैन ।

श्रोतः कारोवार, २०७१/६/२९

# एडीबीको दबाबले तनहुँ आयोजना अन्योलमा

कृष्ण न्यौपाने

दमौली, २७ असोज- सरकार र ऋण लगानीकर्ता एसियाली विकास बैंक (एडीबी) बीचको विवादले १ सय ४० मेगावाटको तनहुँ जलविद्युत् आयोजना अन्योलमा परेको छ ।

परामर्शदाता छनोटमा आफ्नो सिफारिस कार्यान्वयन नगरे ऋण नदिने चेतावनी एडीबीले दिएपछि सरकार उसको दबाब स्वीकार्ने वा अर्को प्रक्रियाबाट अगाडि बढ्ने भन्ने असमञ्जसमा परेको छ । झन्डै ५० अर्ब रुपैयाँ लागत भएको यो आयोजनामा एडीबीले करिब १५ अर्ब रुपैयाँ ऋण दिने सम्झौता गरिसकेको थियो । एडीबीले जर्मनीको कम्पनी ल्याह्मर इन्टरनेसनललाई परामर्शदाता नियुक्त गर्नुपर्ने अडान लिएपछि यो विषय चर्केको हो ।

परामर्शदाता कम्पनीले झन्डै १२ वर्षसम्म आयोजनामा काम गर्नुपर्नेछ । तर, धेरै बालुवा थुप्रिने आयोजनामा त्यसलाई सफा गर्ने कुनै प्रविधि र अनुभव नै नभएको कम्पनीलाई परामर्शदाता नियुक्त गर्न एडीबीले दबाब दिइरहेको छ । यही विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो । अख्तियारले छानबिन गर्दा ल्याह्मर अनुभवहीन देखिएको थियो । यस्तो परामर्शदाता नियुक्त गर्दा आयोजना अगाडि बढ्न नसक्ने भन्दै ऊर्जा उसले मन्त्रालयमा पत्राचार पनि गरिसकेको छ ।

अख्तियारले प्रश्न गरेपछि ऊर्जाले समेत सहसचिव केशवध्वज अधिकारीको नेतृत्वमा एक टोली गठन गरेर छानबिन गरेको थियो । यो टोलीले पनि ल्याह्मरसँग अनुभव नभएको प्रतिवेदन मन्त्रालयलाई दिइसकेको छ । यो प्रतिवेदनले अर्को परामर्शदाता खोज्नुपर्ने निष्कर्ष निकालेको छ । सहसचिव अधिकारीको प्रतिवेदन र अख्तियारको छानबिनबाट एउटै कुरा आएपछि ऊर्जाले अर्थमन्त्रालयमा पत्र पठाउँदै ल्याह्मरलाई परामर्शदाता नियुक्त गर्न एडीबीले दिएको दबाबलाई पुनरावलोकन गर्न आग्रह गरिदिन भनेको छ ।

आयोजनाको बालुवा फल्स गर्ने अनुभव र प्रविधि भएको एकमात्र कम्पनी कन्साई इलेक्ट्रिक पावर कम्पनी इंक (जापान) लाई कम नम्बर दिएर एडीबीले ल्याह्मरलाई काखी च्यापेको हो । कन्साईसँग जापानमा पनि यस्तै बालुवायुक्त आयोजनामा काम गरेको लामो अनुभव र प्रविधि छ ।

एडीबीले केही दिनअघि तनहुँ हाइड्रोपावरलाई पत्र पठाउँदै परामर्शदाता छान्ने आफ्नो सिफारिस कार्यान्वयन नगरे लगानीमा प्रतिकूल असर पर्नसक्ने चेतावनी दिएको छ । त्यस्तो पत्र आएको आयोजनाले पनि स्वीकार गरेको छ ।

आयोजनामा जापानको अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (जाइका) को १८ अर्ब (१८४ मिलियन डलर), एडीबीको करिब १५ अर्ब (१५० मिलियन डलर) र युरोपियन इन्भेस्टमेन्ट बैंक (ईआइबी) को करिब साढे ८ अर्ब (८५ मिलियन डलर) सहयोग रहनेछ ।

आन्तरिक खपतका लागि तनहुँ आयोजना बन्न लागेको हो । १ सय ४० मेगावाट जडित क्षमताको यो आयोजनाबाट वार्षिक ८५ करोड ७७ लाख युनिट बिजुली उत्पादन हुने विस्तृत अध्ययनले देखाएको छ । आयोजनाले बेलुका (पिक आवर)को विद्युत मागलाई पूरा गर्ने छ ।

दमौलीबाट ३ किलोमिटर माथि सेती नदीमा १ सय ४० मिटर अग्लो कंक्रिट बाँध निर्माण गरी २७ किलोमिटर लामो जलाशय बनाइने र सात वर्गकिलोमिटर क्षेत्रफल ढाक्ने जलाशयमा जम्मा गरिएको पानी १ सय १३ मिटर अग्लो हेटबाट खसालेर १ सय ४० मेगावाट विद्युत् उत्पादन गरिनेछ । जलाशय क्षेत्रले जिल्लाका भीमाद, छाङ, माझकोट, रिसिङ रानीपोखरी, कोटदरबार, जामुने, काहँुशिवपुर गाविस र व्यास नगरपालिकालाई प्रभावित गर्नेछ ।

श्रोतः अभियान, २०७१/६/२९

## जिएमआरलाई दिइएको कर छुटको वास्तविकता पेस गर्न माग

व्यवस्थापिका–संसद्को बुधबारको बैठकमा एकीकृत नेकपा(माओवादी)का नेता जनार्दन शर्माले माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको प्रवद्र्धक ग्रान्धी मल्लिकार्जुन राव(जिएमआर)लाई दिने भनिएको कर छुटको विषय नीतिगत भ्रष्टाचार भएको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् ।

सदनको शुरुवातमै सभामुखसँग समय मागेर उनले सो आयोजनाबाट नेपालले पाउने भनिएको २७ प्रतिशत हिस्सा र १२ प्रतिशत निःशुल्क बिजुली उपलब्ध गराउने विषयमा प्रस्ट नपारिएको तथा आयोजनाबाट रानी, जमरा, कुलरिया र सूर्यपटुवा सिँचाइ आयोजना प्रभावित हुने वास्तविकतातर्फ कुनै पनि ध्यान नदिइएकाले ऊर्जा मन्त्रालयले त्यसबारेमा स्पष्ट पार्नुपर्नेमा जोड दिए ।

उनले उक्त सम्झौताको वास्तविक कागजात सदनमा पेस गर्नुपर्ने माग गरे । माथिल्लो कर्णाली जलविद्युत् आयोजनाका कारण तल्लो तटीय र माथिल्लो तटीय क्षेत्रमा पर्ने समस्याका बारेमा स्पष्ट उल्लेख नगरिएको र हचुवाका भरमा सम्झौता गरिएको उनको आरोप थियो । कुल नौ सय मेगावाट क्षमताको सो आयोजनाको प्रवद्र्धक जिएमआरसँग गत महिना विद्युत् विकास सम्झौता गरिएको थियो ।

यस्तै नेपाली काँग्रेसका बुद्धिराम भण्डारीले चुरे क्षेत्रको गिट्टी तथा ढुङ्गा आन्तरिक खपतका लागि नभएको बरु विदेश निर्यात भएकातर्फ सरकारको ध्यानाकर्षण गराएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीका जयन्त चन्दले सडक दुर्घटना रोक्न कडा कानुनीे व्यवस्था गर्नुपर्नेमा जोड दिए । यस्तै सांसद रामदयाल मण्डल र गोपाल दहितले बबरमहल बस दुर्घटनामा ज्यान गुमाएका परिवारलाई क्षतिपूर्ति दिन माग गरे ।

सांसद रामहरि खड्काले पोखरा र भैरहवा विमानस्थल निर्माणमा अनियमितता भएको तथा चीनबाट ल्याइएको एमए ६० जहाज नागरिकको सेवाका लागि हो वा देखाउनका लागि ल्याइएको हो भन्ने प्रश्न गर्दै छानबिन गर्न आग्रह गरे । *रासस*

श्रोतः अभियान, २०७१/६/२९

## ‘पञ्चेश्वर नेपाल–भारत दुवैको हितमा’

भारतीय जनता पार्टीका केन्द्रीय सदस्य तथा उत्तराखण्डका पूर्वमुख्यमन्त्री भगतसिंह कोस्याराले पञ्चेश्वर परियोजना नेपाल–भारत दुवैको हितमा हुने बताएका छन् । साहित्यकारहरूको अन्तरराष्ट्रिय सम्मेलनका लागि दाङ जाने क्रममा मङ्गलवार महेन्द्रनगरमा पत्रकारहरूसँग कुराकानी गर्दै उनले यस्तो बताएका हुन् । उनले भने, ‘पञ्चेश्वर परियोजनाले सीमाक्षेत्रका दुवै देशका जनतालाई फाइदा हुन्छ ।’

पञ्चेश्वर बन्दा सुदूरपश्चिम कृषिक्षेत्रको आर्थिक विकासमा क्रान्ति आउने उनको भनाइ थियो । परियोजना निर्माणमा भारत सरकार लगानी गर्न इच्छुक रहेको पनि कोस्याराले बताए ।

पञ्चेश्वर परियोजनाका बाँध धेरै पहिले बन्नुपर्ने भए तापनि हालसम्म पनि बन्न नसक्दा दुवै देशलाई बेफाइदा भएको बताउँदै उनले पञ्चेश्वरबारे दुवै देशका नेताहरू एकमत भएको दाबी गरे । ‘पञ्चेश्वरबाट उत्पादित बिजुली भारतले किन्नेछ,’ उनले भने ।

सीमा महाकाली नदीमा पक्की पुल नहुँदा दुवै देशका नागरिकलाई सास्ती बेहोर्नुपरेकाले पुल निर्माणका लागि आप्mनो पार्टीले भारत सरकारसँग आग्रह गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे । रासस

श्रोतः आर्थिक दैनिक, २०७१/६/२९

# जलस्रोतमा विश्व बैंकको सकारात्मक उपस्थिति

जलस्रोत क्षेत्रबाट करिब २० वर्षअघि हात झिकेको विश्व बैंकले अब यो क्षेत्रमा लगानी गर्ने भएको छ, जुन सकारात्मक हो । त्यसबेला नेपालकै सबैभन्दा ठूलो जलविद्युत् आयोजना अरुण तेस्रोबाट बैंकले हात झिकेको हो । सम्झौता अन्तिम चरणमा पुगेको बेला लगानीकर्ताहरुको पनि ध्यान अन्यत्र गएको भन्दै यसमा लगानी गर्न नसकिने जानकारी गराएको थियो । त्यसपछि यो संस्थाले जलस्रोत क्षेत्रमा सामान्य चासोसमेत दिन छोडेको थियो । त्यसबेला बैंक आफैँ ठूला आयोजनाको पक्षमा थिएन । उसले आफू फिर्ता हुँदै गर्दा लेखेको पत्रमा ठूला जलविद्युत् आयोजना नेपालका लागि उपयोगी नहुने धारणा राखेको थियो । अहिले त्यसमा उसले पुनः विचार गरेको संकेत दिएको छ । यसै हप्ता अर्थमन्त्रीसँगको भेटमा नेपालको जलस्रोत क्षेत्रमा गरिने लगानीअन्तर्गत नेपाल पहिलो प्राथमिकतामा परेको जनाएको छ, जसलाई सकारात्मक भन्नुपर्छ । विश्व बैंकको नेतृत्वले लगानीकर्ताहरुलाई बढी विश्वस्त पार्दछ, त्यसकारण पनि यो क्षेत्रलाई दिइएको प्राथमिकताले उत्साहित तुल्याएको हो ।

त्यसबेला बैंकले देखाएको कारणभन्दा पनि हाम्रै आन्तरिक कारणवश त्यो े आयोजना फिर्ता भएको थियो । एउटा राजनीतिक दल एमालेको सरकार रहेको बेला तीन/चारपटक ताकेता गरिँदा पनि बेवास्ता गरिएका कारण यो आयोजना फिर्ता भएको त्यसबेलाका लिखित विवरणहरुले बताउँछन् । ठूला आयोजना भन्ने कुरा देखावटीमात्र थियो । त्यसपछि लगत्तै उसले पाकिस्तानमा १४ सय ५० मेगावाटको परियोजनामा लगानी गर्‍यो । त्योभन्दा नेपालको अरुण धेरै गुना सानो थियो । यो आयोजना सुरु गरिएको भए बैंकमाथि भ्रष्टाचारको आरोपसमेत लगाइने भनी त्यो दलले पत्र नै लेखेर पठाएको कुरा सामान्य होइन । अन्तरर्राष्ट्रिय संस्थाहरुलाई अनावश्यक लाञ्छना लगाउन थालियो भने त्यसको परिणाम कस्तो हुन्छ भन्ने यो एउटा उदाहरण नै बन्न गएको अवस्था थियो । त्यसको दूरगामी असर र परिणाम नेपाली जनताले असह्यरुपको अँध्यारो जीवन बिताइरहनुपरेकोबाट पनि बुझ्न सकिन्छ । यो अर्थमा देश जलस्रोतका क्षेत्रमा २० वर्षपछि परेको बुझाइ छ । अबचाहिँ त्यो घाउ पुरिनलागेको हो कि भन्ने देखिन थालेको मान्नुपर्छ, जुन सकारात्मक हो ।

विश्व बैंकले प्राथमिकतामा राखेको क्षेत्रले लगानीको अभाव व्यहोर्नुपर्दैन भन्ने मान्यता छ । आफ्नै नेतृत्वमा लगानी जुटाउने हुँदा पनि यसमा सहज वातावरणको निर्माण हुन्छ । यो संस्था पृष्ठभूमिमा रहँदा अरु लगानीकर्ताहरुले सजिलो महसुस गर्दछन् । अहिलेसम्म त्यस्तै देखिएको छ । यसको नेतृत्वले जुटाएको लगानीमा विश्वव्यापी प्रतिस्पर्धा हुन्छ । अरु कतिपय दातृसंस्थाहरुले प्रतिस्पर्धालाई सीमित पार्दछन्, पोखरा विमानस्थल त्यसको उदाहरण मान्न सकिन्छ । करिब २५अर्ब रुपैयाँको त्यो परियोजनामा चिनियाँ कम्पनीले मात्र प्रतिस्पर्धा गर्नुपर्ने शर्त थियो । त्यसले १४ अर्बको सरकारी लागत अनुमानमा २८ अर्बको कबोल भएको र त्यसलाई पनि मान्न बाध्य हुनुपरेको अवस्था सम्झिन सकिन्छ । जलस्रोत भनेको ठूलो लगानीको क्षेत्र हो । त्यसमा यो एउटा क्षेत्रले मात्रै लगानीलाई कति कम÷धेरै पार्दछ भन्ने बुझ्न सकिन्छ ।

श्रोतः आर्थिक दैनिक, २०७१/६/२९

# माथिल्लो त्रिशूली वान जलविद्युत् आयोजनाको करार अवधि थप्न प्रधानमन्त्री कोइरालाकै बदनाम

## म्याद थपेर संस्थागत भ्रष्टाचारको तयारी

विवादास्पद २१६ मेगावाटको माथिल्लो त्रिशूली वान जलविद्युत् आयोजनाको करार सम्झौतालाई फेरि ६ महिना थप गर्ने तयारी भएको छ । त्यसको लागि ऊर्जा मन्त्रालयले मन्त्रिपरिषद्मा केही दिनअघि नै प्रस्ताव पेस गरिसकेको छ । बिहीबार बस्ने मन्त्रिपरिषद्बाट उक्त निर्णय गराउने तयारी भएको छ । ऊर्जा मन्त्रालयका केही अधिकारीहरु उक्त आयोजनाको करार अवधि फेरि ६ महिना थप गर्नुलाई संस्थागत भ्रष्टाचार भन्छन् । 'करार सम्झौतामा तोकिएको समयमा काम नगरे स्वतः करार भंग हुने उल्लेख भए पनि फेरि म्याद थप गर्नु संस्थागत भ्रष्टाचार मात्र हो', ऊर्जा मन्त्रालय स्रोतले भन्यो । स्रोतका अनुसार माथिल्लो त्रिशूली–वान जलविद्युत् आयोजनाको प्रवद्र्धक नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीले तोकिएको अवधिमा शर्तअनुसार कुनै पनि काम नगरी घुस दिएरै करारको म्याद थप गर्न लागेको हो । उक्त आयोजनाको बिक्रीकर्ता वृन्दावनमान प्रधानांगले प्रधानमन्त्री सुशील कोइरालासँग सेटिङ मिलाएको कारण बिहीबारको मन्त्रिपरिषद् बैठकले फेरि ६ महिना म्याद थप्ने जिकिर गर्दै हिंडेका छन् । स्रोतका अनुसार सम्पत्ति नभएको भनिएका कोइरालालाई सेटिङ्गमा खरिद गरेको भनेर प्रधानांगले बद्नाम गर्न लागेका हुन् । प्रधानांगको भनाइलाई अर्थमन्त्री डा. रामशरण महतले साथ दिएको कारण प्रधानमन्त्री पनि म्याद थप्न बाध्य हुन लागेको स्रोतको दाबी छ ।

प्रधानांगको भनाइ उद्धृत गर्दै नाम उल्लेख नगर्ने शर्तमा नेपाल वाटर सम्बद्ध एक व्यक्तिले भने, 'वृन्दावनमानले प्रधानमन्त्री र अर्थमन्त्री डा. रामशरण महत समेतलाई सेटिङमा लिइएको कारण करारको म्याद फेरि ६ महिना थप हुनेछ ।' प्रधानमन्त्रीलाई कसरी सेटिङ्ग मिलाएको भन्नेबारेमा ती व्यक्तिले केही बताउन चाहेनन् । बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेला हिसिला यमीमार्फत उक्त आयोजनाको एक वर्षे करार गरिएको थियो । त्यतिबेला बाबुरामको तर्फबाट हिसिलाले रकमको 'डिल' गरे पनि अहिले प्रधानमन्त्री कोइरालाको तर्फबाट कसले रकमको 'डिल' गरेको भन्ने बारेमा प्रधानांगले केही नखुलाएको ती व्यक्तिको दाबी छ । प्रधानांगले आफ्ना निकटकालाई भनेका छन्, 'छोरालाई लगाएर सेटिङ्ग मिलाउँदै काम गरेको छु । दुःख गरेर दश प्रतिशत सेयर लिन लागेको दुई÷तीन प्रतिशत त घुसमै सकिन लागिसक्यो ।' उनले घुस दिँदै म्याद थप गर्नुको कारण तोकिएको समयमा कुनै पनि काम सम्पन्न गर्न नसक्नु हो । स्रोतका अनुसार ऊर्जा मन्त्रालयका केही अधिकारीहरु उक्त आयोजनाले करार सम्झौतामा उल्लेख नै नभएको आयोजना विकास सम्झौता (पीडीए) गराइदिने काममा लागिपरेका छन् । प्रधानांगलाई दश

प्रतिशत सेयर दुःखबापत दिएको र अन्य काम सबै आईएफसीको हुने भन्दै ऊर्जाका केही कर्मचारीले विदेशी लगानी भड्किने भन्दै मन्त्री राधा ज्ञवालीलाई समेत कन्भिन्स गरेका हुन् । सोही कारण म्याद थपको प्रस्ताव मन्त्रिपरिषद्मा पुगेको हो । पीडीए नभएको कारण करार सम्झौताअनुसार काम नभएको भनेर प्रधानांगले लविङ्ग गरिरहेका छन् । पीडीए गर्ने कुरा करारनामामा उल्लेख छैन ।

उक्त आयोजना सुरुमा प्राधिकरणले अध्ययन गरेको थियो । नेपालको खोलानाला दर्ता गर्दै विदेशीलाई बेच्दै आएका वृन्दावनमान प्रधानांगले प्राधिकरणका तत्कालीन इन्जिनियरिङका हाकिम, जलस्रोत मन्त्रालय र विद्युत् विकास विभागका भ्रष्ट कर्मचारीलाई घुस दिएर आप्mनो हातमा पार्न सफल भएका थिए । सुरुमा ७५ मेगावाटको यो आयोजनाको विद्युत् ऐन, २०४९ ले तोकेको पाँच वर्षे अवधि पूरा हुन लाग्दा तत्कालीन ऊर्जासचिव शीतलबाबु रेग्मीले यसको क्षमता २१६ मेगावाट पु¥याएर लाइसेन्सको म्याद थप गरेका थिए । पाँच वर्षसम्म पनि कनेक्सन एग्रिमेन्ट, पीपीए, वातावरणीय प्रभाव मूल्यांकन (ईआईए), वित्तीय व्यवस्थापन गर्न नसकेको भन्दै तत्कालीन सचिव हरिराम कोइरालाले उत्पादन लाइसेन्सका लागि दिइएको निवेदन अस्वीकार गरेका थिए । अस्वीकार भएपछि बाबुराम भट्टराई पत्नी हिसीला यमीलाई रकम बुझाएर वृन्दावनको कोरियन साझेदारले विद्युत् ऐनको दफा ३५ को दुरुपयोग गरी उही अक्षम कम्पनीलाई करार गरी लिन सफल भएको थियो । एक वर्षभित्र सबै काम पूरा गर्ने, नत्र स्वतः रद्द हुने करारमा उल्लिखित शर्त पूरा नगर्दा नगर्दै पनि अघिल्ला ऊर्जासचिव विश्वप्रकाश पण्डित आर्थिक प्रलोभनमा परेर यसको पुनः एक वर्ष म्याद थप गरेका थिए । यसको म्याद फेरि कात्तिक २ गते सकिन लाग्दा ६ महिना थप्न लागिएको हो ।

ऐनको दफा ३५ अनुसार भएको सम्झौतामा आयोजना विकास सम्झौता (पीडीए) गर्ने भनेर कहीं उल्लेख थिएन । तर पीडीए नभएको भनेर विगतमा पनि गैरकानुनी रुपमा आयोजनाको म्याद थप गरियो । सो आयोजनाको डलरमा पीपीए गर्न प्रधानांगले चलखेल गरेका हुन् । जसलाई ऊर्जा मन्त्रालयले साथ दिएको छ । माथिल्लो त्रिशुली वान को महँगो अमेरिकी डलर (प्रतियुनिट झन्डै सात सेन्ट) मा पीपीए गराउन अहिले कोरियन दूतावास, विश्व बैंक, यसको वर्गीय संगठन आइएफसी, अर्थ मन्त्री डा. महत, नेपालको जलविद्युत्को लाइसेन्स लिंदै विदेशीलाई बेच्दै आएको दलाल वृन्दावनमान र उनका छोरा विकेस प्रधानांग लागिपरेको स्रोतको दाबी छ । नेपाल वाटरले अहिले उक्त आयोजनामा दक्षिण कोरिया सरकारको पूर्ण स्वामित्वमा रहेको कोरिया साउथ इस्ट पावर कमपनी लिमिटेड (कोसेप) लाई ५० प्रतिशत, कोरियाको ठूला निर्माण कम्पनीमध्ये पर्ने डेलिमकोलाई १५ प्रतिशत, कोरियाकौ केरुङ कन्सट्रक्सन कम्पनीलाई १० प्रतिशत, आईएफसीलाई १५ प्रतिशत सेयर बिक्री गरेको छ । उक्त आयोजनामा नेपाली लगानीकर्ताको १० प्रतिशत सेयर रहने बताइएको छ । पाँच वर्षसम्म काम नभएपछि १९ असार २०६९ मा मन्त्रालयले आयोजनाको प्रवर्धक नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीको लाइसेन्स खारेज गरेको थियो ।

कम्पनीले २०६३ साल पुस २४ गते सरकारबाट विद्युत् उत्पादनको लागि सर्वेक्षण लाइसेन्स पाएको थियो । सामान्यतया सर्वेक्षण लाइसेन्स पाएको दुई वर्षभित्र परियोजना निर्माण चरणमा पुग्छ । दुई वर्षभित्रमा पनि परियोजना निर्माणको तहमा पु-याउन नसके सर्वेक्षण लाइसेसन्सको म्याद थप्दै अधिकतम् पाँच वर्षसम्म दिन सकिन्छ । यो लाइसेन्स पाएको पाँच वर्ष भित्रमा कम्पनीले वित्तीय व्यवस्था गर्नुपर्ने हुन्छ र परियोजना निर्माण चरणमा लैजानुपर्छ ।

सर्वेक्षण लाइसेन्स लिएको पाँच वर्षभित्र उत्पादन अनुमति नलिए लाइसेन्स खारेज हुने प्रावधान विद्युत् ऐन २०४९ को दफा ५ मा उल्लेख छ । डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले लाइसेन्सको म्याद ब्यूँताउन सोही ऐनको धारा ३५ लाई प्रयोग गरेको थियो । ४५६ मेगावाटको माथिल्लो तामाकोशी आयोजनाको लागत ३५ अर्ब तोकिएको छ भने २१६ मेगावाटको माथिल्लो त्रिशुली वानको भने लागत ५२ अर्ब रुपैयाँ भन्दा बढीछ । आयोजनास्थलमा पर्ने ७४ रोपनी जग्गा लिए पनि स्यम्भु घ्याङ गुठीको ३०८ रोपनी मध्ये ६२ रोपनीको मात्र मोही खरिद गर्न सकेको छ । यसले उक्त आयोजनाको उद्देश्य पीपीए र पीडीए गरेर फेरि खरिद कर्ता खोज्नु मात्र हो ।

श्रोतः कारोवार, २०७१/६/३०

# प्राधिकरण र बीपीसीबीच सम्झौतामा ढिलाइ

बाबुराम खड्का

काठमाडौं, २९ असोज- विद्युत् खरिदबिक्री सम्झौता (पीपीए) सकिएको १५ महिना बितिसक्दा पनि बुटबल पावर कम्पनी लिमिटेड (बीपीसी) र नेपाल विद्युत् प्राधिकरणसँगबीच नयाँ सम्झौता हुन सकेको छैन ।

अघिल्लो साउन १ गतेदेखि बीपीसी र प्राधिकरणबीचको पीपीए सकिएको हो । पीपीए सकिएपछि बीपीसीले थप सम्झौता गर्न प्राधिकरणलाई प्रस्ताव गरे पनि दरमा सहमति हुननसक्दा सम्झौता नभएको हो । बीपीसीले झिमुरुक आयोजनाको पीपीए दर प्रतियुनिट ६ रुपैयाँ २० पैसा र आँधीखोलाको प्रतियुनिट ४ रुपैयाँ ४८ पैसा दिनुपर्ने प्रस्ताव गरेको छ । बीपीसीले लगानी उठाई नाफा कमाइसकेको भन्दै उसले मागेको दरमा पीपीए गर्न विद्युत् प्राधिकरणले मानेको छैन । उसले सस्तो दरमा पीपीए मागेको छ । दरमा सहमति हुन नसकेकाले पीपीएमा ढिलाइ भएको बीपीसीका प्रमुख कार्यकारी अधिकृत उत्तरकुमार श्रेष्ठ बताउँछन् । पीपीएका लागि पहल भइरहेको उनले जानकारी दिए । पीपीए नभएपछि प्राधिकरणले कार्यलय सञ्चालनका लागि खर्च दिँदै आएको छ । आँधीखोलाबाट वितरण हुँदै आएको बिजुली प्राधिकरणबाट खरिद गरेर स्याङ्जालगायत अन्य क्षेत्रमा वितरण गरिरहेको छ । यसले गर्दा पनि बीपीसी नोक्सानीमा गएको हो । क्षमता बढेको आँधीखोलाको ४.४ मेगावाटको पीपीए भइसकेको छ । झिमरुकको क्षमता १२.५ र आँधिखोलाको क्षमता वृद्धिपछि ९.४ मेगावाट पुग्छ । आँधीखोलाको ५ मेगावाटको पीपीए हुन बाँकी छ ।

पीपीए नभएपछि गत आर्थिक वर्ष र चालू आवमा बीपीसीको आम्दानीमा समेत असर पुग्ने देखिन्छ । प्राधिकरणले बीपीसीलाई कार्यालय सञ्चालनका लागि भनेर केही रकम भुक्तानी गर्दै आएको छ । पीपीए नभए पनि बीपीसीले झिमरुक आयोजनाबाट विद्युत् आपूर्ति गरिरहेको छ ।

प्राधिकरण र बीपीसीबीच २०५८ असार २९ गते पीपीए भएको हो । झिमरुक आयोजनाको पीपीए दर औसत प्रतियुनिट ६ रुपैयाँ २० पैसा र आँधीखोला आयोजनालाई प्रतियुनिट ४ रुपैयाँ ४८ पैसा थियो ।

बीपीसीले झिमरुकबाट वार्षिक ५५ लाख युनिट र ५.१ मेगावाटको आँधीखोलाबाट ३० लाख युनिट बिजुली प्राधिकरणलाई बिक्री गर्छ । बीपीसीले पश्चिमका प्युठान, अर्घाखाँची, रोल्पा, स्याङ्जा र पाल्पामा सीधै आफ्नो प्रसारणलाइनबाट विद्युत् वितरण गरिरहेको छ । बाँकी बिजुली प्राधिकरणलाई बिक्री गर्दै आएको छ । पश्चिमका पाँच जिल्लामा आफ्नै प्रसारणलाइनबाट ३९ हजार ६ सय २१ घरधुरीमा विद्युत् आपूर्ति गर्दै आएको छ । बीपीसीले महसुल बढाउन विद्युत् महशुल निर्धारण आयोगमा प्रस्ताव गरेको छ । आयोगले महसुल बढाउने तयारी गरे पनि कार्यान्वयन हुन सकेको छैन ।

विद्युत् उत्पादन र वितरण दुवै व्यवसाय घाटामा गएपछि बीपीसी खिम्ती जलविद्युत् आयोजनाबाट पाउने लाभांशमा मात्र निर्भर भएको छ । आव ०६९÷७० मा उसले खिम्तीबाट ३५ करोड रुपैयाँ लाभांश पाएको थियो । गत वर्ष पनि उसले यही बराबर रकम लाभांश पाउने सम्भावना छ । खिम्तीमा बीपीसीको १७ प्रतिशत सेयर लगानी छ । खिम्तीसँग भएको विवादित सम्झौताका कारण प्राधिकरण र बीपीसीबीचको पीपीए रोकिएकोमा हालै बसेको सञ्चालक समिति बैठकले मुख्यसचिव अध्यक्ष हुँदा गरेको निर्णय उल्टाएको छ । मुख्यसचिव लीलामणि पौडेलको अध्यक्षतामा बसेको प्राधिकरणको ६ सय ५० औं सञ्चालक समिति बैठकले खिम्तीको प्रवद्र्धक हिमाल पावर लिमिटेडले पीपीए पुनरावलोकका साथै सरकारलाई बुझाउने रोयल्टी नबेहोरे बीपीसीसँग कुनै सम्झौता नगर्ने र

प्रतिबन्ध लगाउने निर्णय गरेका कारण पीपीए अवरुद्ध हुँदै आएको छ ।
सरकारले सांग्रिला इनर्जीलाई ९५ करोड रुपैयाँमा बीपीसी बेचेको हो । कम्पनीमा सांग्रिलाको ६८.९५ प्रतिशत, सर्वसाधारणको १०, सरकारको ९.९, इन्टरकास्ट नेपालको ६, युनाइटेड मिसन टु नेपालको २.७९, कर्मचारीको २ र प्राधिकरणको १ प्रतिशत सेयर छ ।

श्रोतः नेपाल समाचारपत्र, २०७१/६/३०

# चीनले नेपालको ऊर्जा क्षेत्रमा लगानी बढाउने

काठमाडौं, (नेस)

चिनियाँ उद्योगी व्यवसायीले नेपालको ऊर्जा क्षेत्रमा लगानी वृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। नेपालमा भ्रमणमा रहेको चीनको युनान प्रान्तको आर्थिक प्रतिनिधिमण्डलले सो प्रतिबद्धता रुव्यक्त गरेको हो।

चिनियाँ प्रतिनिधिमण्डल र नेपाल उद्योग वाणिज्य महासंघका पदाधिकारीबीच बिहीबार भएको छलफल तथा भेटका क्रममा उनीहरूले नेपालको ऊर्जा विकास लगानी गर्ने बताएका हुन्। युनान प्रान्तका वाणिज्य विभागका उपमहानिर्देशक याङ हुईले नेपालको ऊर्जा विकासको प्रयासमा चीनले आवश्यक सहयोग गर्ने बताउनुभयो। नेपालको विकासमा चीनले सधै सहयोग गर्दै आएको उल्लेख गर्दै उहाँले सहयोगलाई निरन्तरता दिने बताउनु भयो।

उक्त अवसरमा उहाँले दुई देशका व्यवसायीबीच आपसी सम्बन्ध विस्तार, निरन्तर सूचना तथा सम्पर्क आदानप्रदान, व्यावसायिक भेटवार्ता र संयुक्त लगानीका सम्भाव्य परियोजनाको जानकारी उपलब्ध गराई चिनियाँ लगानी आकर्षण गर्न आग्रहसमेत गर्नुभयो।

यसअघि महासंघका अध्यक्ष प्रदीपजंग पाण्डेले चीनको दक्षिण एसियाली व्यावसायिक फोरममा महासंघको सक्रिय सहभागिताबाट आपसी आर्थिक तथा व्यावसायिक सम्बन्ध विस्तारमा सहयोग पुग्दै आएको बताउनुभयो। दुई देशीय व्यापारघाटा कम गर्न नेपालमा चिनियाँ लगानीको खांँचो रहेको औंल्याउँदै उहाँले नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न आग्रहसमेत गर्नुभयो।

महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठले नेपाल र युनान प्रान्तबीचको आर्थिक व्यावसायिक सम्बन्ध विस्तारका लागि भेटघाट, बैठक तथा छलफल गर्नुपर्नेमा जोड दिनुभयो। त्यस्तै महासंघको ऊर्जा समितिका सभापति ज्ञानेन्द्रलाल प्रधानले ऊर्जामा लगानी विषयमा कार्यपत्र प्रस्तुत गर्दै ऊर्जामा लगानीका लागि अहिले सबैभन्दा सूनौलो समय भएको स्पष्ट पार्नुभयो।

श्रोतः अभियान, २०७१/६/३०

## जीएमआरलाई दिइएको कर छूटबारे ध्यानाकर्षण

व्यवस्थापिका–संसद्को बुधवारको बैठकमा एमाओवादीका जनार्दन शर्माले माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको प्रवद्र्धक जीएमआरलाई दिने भनिएको कर छूटको विषय नीतिगत भ्रष्टाचार भएको भन्दै सरकारको ध्यानाकर्षण गराए ।

सदनको शुरूमै सभामुखसँग समय मागेर उनले सो आयोजनाबाट नेपालले पाउने भनिएको २७ प्रतिशत हिस्सा र १२ प्रतिशत निःशुल्क बिजुली उपलब्ध गराउने विषयमा प्रस्ट नपारिएको तथा आयोजनाबाट रानीजमरा कुलरिया र सूर्यपटुवा सिँचाइ आयोजना प्रभावित हुने वास्तविकतातर्फ कुनै पनि ध्यान नदिइएकाले ऊर्जा मन्त्रालयले त्यसबारेमा स्पष्ट
पार्नुपर्ने धारणा राखे । रासस

श्रोतः अभियान, २०७१/६/३०

# नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा काफ्ले नियुक्ति

मन्त्रिपरिषद्को विहीवार बसेको बैठकले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक पदमा मुकेशराज काफ्लेलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् सञ्चार मन्त्री डा. मीनेन्द्र रिजालले जानकारी गराए । उनलाई बाँकी अवधिका लागि नेपाल विद्युत् प्राधिकरणक कार्यकारी निर्देशक पदमा नियुक्ति गरिएको हो ।

साथै बैठकले संविधानसभा सदस्यमा चारजनालाई मनोनयन गरेको छ । राममाया बोगटी (नुवाकोट), जनकराज जोशी (तनहुँ), श्यामकुमार श्रेष्ठ (काभ्रे), जनकबहादुर बुढा (बझाङ)लाई संविधानसभा सदस्यमा मनोनयन गरेको रिजालले जानकारी गराए ।

त्यस्तै सरकारले राष्ट्रिय समाचार समिति (रासस) को महाप्रबन्धकमा नायब महाप्रबन्धक श्रीरामसिंह बस्नेतलाई नियुक्त गरेको छ ।

मन्त्रिपरिषद्को आजको बैठकले उनलाई महाप्रबन्धकमा नियुक्त गरेको सरकारका प्रवक्ता एवम् सूचना तथा सञ्चार मन्त्री डा. मीनेन्द्र रिजालले जानकारी दिए ।

बैठकले मनाङमा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै मन्त्री रिजालले यसबारे गृहमन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय आपत्कालीन उद्धार केन्द्रलाई क्याविनेट बैठकमार्फत प्रधानमन्त्रीले पीडितहरुलाई तत्काल उद्धार एवम् सहयोग उपलब्ध गराउन निर्देशन दिएको पनि बताए ।

पीडितको उद्धार एवम् सहयोग कार्यको अनुगमन एवम् सहयोगका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री दीपकचन्द्र अमात्यको संयोजकत्वमा श्रम राज्यमन्त्री टेकबहादुर गुरुङ र नेपाल सरकारका मुख्य सचिव लीलामणि पोखरेल रहने समिति गठन गर्ने बैठकले निर्णय गरेको छ ।

समितिले उद्धार कार्यमा भएका कामहरु सम्बन्धमा अनुगमन गर्ने छ । *रासस*

श्रोतः आर्थिक दैनिक, २०७१/६/३०

# आईएफसीको दबाबमा माथिल्लो त्रिशूलीको म्याद थपिदै

बुढीगण्डकी र नलसिङगाड जलविद्युत् आयोजना विकास समितिमा कार्यकारी अध्यक्ष हटाउने तथा २१६ मेगावाटको माथिल्लो त्रिशूली वान जलविद्युत् आयोजनाको करार म्याद फेरि एक वर्ष थप्नेबारे मन्त्रिपरिषद्को पूर्वाधार समितिले निर्णय गर्ने भएको छ । समितिको बैठक आज शुक्रबार दिउँसोका लागि बोलाइएको छ । ऊर्जा मन्त्रालयका ती प्रस्ताव मन्त्रिपरिषद्को बिहीबारको बैठकले समितिमा पठाउने निर्णय गरेको हो । ऊर्जा मन्त्रालयले ती दुवै विकास समितिमा कार्यकारी अध्यक्षको व्यवस्था हटाएर प्रशासकीय प्रमुख कार्यकारी निर्देशक रहने व्यवस्था गरेर मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरेको थियो । उक्त प्रस्तावबारे थप छलफल गरेर निर्णय गर्ने भन्दै पूर्वाधार समितिमा पठाइएको हो । कार्यकारी अध्यक्ष रहने व्यवस्था नै हटेपछि दुवै विकास समितिका हालका कार्यकारी अध्यक्ष हट्नेछन् । बुढीगण्डकीको अध्यक्षमा डा. लक्ष्मीप्रसाद देवकोटा र नलसिङगाडमा शेरबहादुर शाही अध्यक्ष छन् ।

माथिल्लो त्रिशूली–वान जलविद्युत् आयोजनाको प्रवद्र्धक नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीले तोकिएको अवधिमा शर्तअनुसार कुनै पनि काम पूरा नगरे पनि दबाबको भरमा छ महिना करार अवधि थप गर्न निर्णय पनि शुक्रबार नै हुँदै छ । प्रधानमन्त्री सुशील कोइरालाको सचिवालयका केही व्यक्तिहरुले समेत म्याद थपका लागि लबिङ गरेको कारण तोकिएको समयमा काम नभए पनि छ महिना म्याद थप गर्न लागिएको हो । अक्टोवर १७ मा एक वर्ष थप गरिएको म्याद सकिन लागेको कारण शुक्रबार नै पूर्वाधार समितिको बैठक बोलाइएको हो । म्याद थप गर्न आईएफसीले समेत ऊर्जामन्त्री राधा ज्ञवालीलाई बुधबार मन्त्रालयमै भेटेर दबाब दिएको थियो । आईएफसीको दबाब थेग्न नसकेर शुक्रबार निर्णय हुनलागेको स्रोतको दाबी छ । 'आईएफसीले मर्यादाभन्दा बाहिर गएर दबाब दिए पनि विश्व बैंक दाता भएकाले त्यसलाई नचिढ्याउन म्याद थप गर्न लागिएको हो', ऊर्जा मन्त्रालय स्रोतले भन्यो, 'म्याद थपमा नेपाली एजेन्टको नगद लगानीभन्दा पनि कोरियन र आईएफसीको दबाब उच्च रह्यो ।' नेपाल वाटरले अहिले उक्त आयोजनामा दक्षिण कोरिया सरकारको पूर्ण स्वामित्वमा रहेको कोरिया साउथ इस्ट पावर कमपनी लिमिटेड (कोसेप) लाई ५० प्रतिशत, कोरियाको ठूला निर्माण कम्पनीमध्ये पर्ने डेलिमकोलाई १५ प्रतिशत, कोरियाकै केरुङ कन्स्ट्रक्सन कम्पनीलाई १० प्रतिशत, आईएफसीलाई १५ प्रतिशत सेयर बिक्री गरेको छ । उक्त आयोजनामा आयोजना बिक्रीकर्ता वृन्दावनमान प्रधानांगको परिवारको १० प्रतिशत सेयर रहनेछ । पाँच वर्षसम्म काम नभएपछि १९ असार २०६९ मा मन्त्रालयले आयोजनाको प्रवद्र्धक नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीको लाइसेन्स खारेज गरेको थियो । त्यसपछि कोरियन राजदूतलाई लगाएर लाइसेन्स करारमा लिइएको थियो ।

करारको अवधि अहिले दोस्रोपटक थप्न लागिएको हो । म्याद थप नभएमा नेपालका लागि कोरियन राजदूतले कोरिया जाने कामदार रोक्ने धम्की दिँदै आएका छन् भने आईएफसीले भने अन्य ऋण प्रभावित हुने दबाब दिएको छ । नेपाल सार्वभौम मुलुक भए पनि दुई निकायले रोजगारी र लगानी रोक्ने भनेपछि सरकार म्याद थप्न बाध्य भएको हो । उक्त आयोजना सरकार आफैंले निर्माण गर्नसक्ने सबैभन्दा राम्रोमध्येको छ । 'कसैले एक पैसा नदिए पनि उक्त आयोजना सरकारले तोकिएको मिति र लागतमा सम्पन्न गर्ने अवस्थामा थियो', ऊर्जाका एक अधिकारीले भने, 'सबैतिर सेटिङ्ग भएपछि ऊर्जामन्त्री म्याद थप्न बाध्य भएकी हुन् ।'सुरुमा ७५ मेगावाटको यो आयोजनाको विद्युत् ऐन २०४९ले तोकेको पाँच वर्षे अवधि पूरा हुन लाग्दा तत्कालीन ऊर्जासचिव शीतलबाबु रेग्मीले यसको क्षमता २१६

मेगावाट पु¥याएर लाइसेन्सको म्याद थप गरेका थिए । पाँच वर्षसम्म पनि कनेक्सन एग्रिमेन्ट, पीपीए, वातावरणीय प्रभाव मूल्यांकन (इआईए), वित्तीय व्यवस्थापन गर्न नसकेको भन्दै तत्कालीन सचिव हरिराम कोइरालाले उत्पादन लाइसेन्सका लागि दिइएको निवेदन अस्वीकार गरेका थिए । अस्वीकार भएपछि बाबुराम भट्टराईले विद्युत् ऐनको दफा ३५ को दुरुपयोग गरी करार गरेर दिएका थिए । त्यतिबेला पनि कोरिया र आईएफसीले दबाब दिएको थियो ।

**प्राधिकरणमा काफ्ले**

सरकारले नेपाल विद्युत् प्राधिकरणको रिक्त कार्यकारी निर्देशकमा मुकेशराज काफ्लेलाई नियुक्त गर्ने निर्णय गरेको छ । रामेश्वर यादवलाई ट्रान्सफर्मर प्रकरणमा अख्तियारले पक्राउ गरेर मुद्दा चलाएपछि सरकारले उनलाई हटाएको थियो । प्राधिकरणको कार्यकारी निर्देशकमा यादवको नाम एक नम्बरमा निस्किएपछि काफ्लेले वैकल्पिक उम्मेदवारको रुपमा नाम निकालेका थिए । तर सरकारले यादवलाई हटाएर अर्जुन कार्कीलाई सो पदमा पठाएपछि काफ्लेले सर्वोच्चमा रिट दायर गरेका थिए । महोत्तरी जिल्लाको खयरमारा गाविस–६ का काफ्लेले सर्वोच्च अदालतबाट नियुक्तिको आदेश गराएपछि सरकारले नियुक्त गर्ने निर्णय गरेको हो । सरकारले काफ्लेलाई बाँकी अवधिका लागि नियुक्त गरेको स्रोतको दाबी छ । ऊर्जा मन्त्रालयले भने मन्त्रिपरिषद्बाट कसरी निर्णय भएको कुनै जानकारी नआएको बताएको छ । ‘कसरी निर्णय भएको छ, थाहा भएन’, ऊर्जासचिव राजेन्द्रकिशोर क्षेत्रीले भने, ‘मन्त्रिपरिषद्को निर्णय आएपछि मात्र नियुक्तिको प्रक्रिया अगाडि बढ्छ ।’ निर्णय आएपछि काफ्लेले ऊर्जा मन्त्रालयसँग कार्यसम्पादनबारेमा सम्झौता गर्नुपर्ने हुन्छ ।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७१/६/३०

## खारेज आयोजनाको म्याद थप्न प्रस्ताव

तोकिएको अवधिभित्र सर्त पूरा गर्न नसकी स्वतः खारेजीमा परेको विवादास्पद माथिल्लो त्रिशूली १ (दुई सय १६ मेगावाट) जलविद्युत् आयोजनाको करार म्याद पुनः ६ महिना थप्न ऊर्जा मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव गरेको छ।

मन्त्रालयले दसैंअघि नै पेस गरेको प्रस्ताव मन्त्रिपरिषद्को बिहीबार बस्ने बैठकबाट पारित हुने ऊर्जा मन्त्रालय स्रोतले बतायो। ऊर्जामन्त्री राधा ज्ञवालीले म्याद थपबारे आफूले केही नबताउने बताइन्। 'अहिले म केही भन्दिनँ", उनले बुधबार साँझ अन्नपूर्णसँग भनिन्।

२०६३ असार ४ गते सर्वेक्षण अनुमतिपत्र (लाइसेन्स) लिएर ६ वर्षसम्म पनि काम नगरी बसेको भन्दै डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले आयोजनाले दिएको निवेदन २०६९ असार १५ मा रद्द गरेको थियो।

कोरियाली कम्पनीको धेरै सेयर रहेको आयोजनामा विश्व बैंकको निजी क्षेत्रलाई ऋण उपलब्ध गराउने संस्था आईएफसीसमेतको दबाबमा पुनः भट्टराई सरकारले विद्युत् ऐनको दफा ३५ अनुसार करार गरेको थियो। करारमा एक वर्षभित्र प्रवद्र्धकले विद्युत् खरिद सम्झौता (पीपीए) र वित्तीय व्यवस्थापन सम्झौता गर्नुपर्ने नत्र सम्झौता स्वतः रद्द भई सरकारको बास्केटमा आयोजना आउने उल्लेख थियो।
एक वर्ष अवधिमा दुवै कार्य प्रवद्र्धकले गर्न नसकेपछि सम्झौताअनुसार स्वतः खारेजीमा परेको यो आयोजनाको याद खिलराज रेग्मीले नेतृत्वको सरकारले २०७० कात्तिक २८ गते एक वर्ष थपेको थियो। त्यतिबेला एक वर्षभित्र पीपीए र वित्तीय व्यवस्थापन गरिसक्ने सर्त पुनः तोकिएको थियो।

मन्त्रालय स्रोतका अनुसार अघिल्ला ऊर्जा सचिव विश्वप्रकाश पण्डितको पालामा प्रवद्र्धकले आयोजना विकास सम्झौता (पीडीए) नभएको कारण देखाई म्याद थप गराएका थिए। अहिले पनि पीडीए नै नभएको कारण देखाउँदै पुनः म्याद थप्न लागिएको हो।

भट्टराई सरकारले प्रवद्र्धकसित करार गर्दा पीडीए गर्ने प्रावधान राखेको थिएन। 'करारमै उल्लेख नभएको प्रावधान देखाएर म्याद थप गर्नु करार एेन उल्लंघन गर्नु हो', मन्त्रालयका एक अधिकारीले भने।

लाइसेन्स र आयोजना ठेक्कापट्टाको म्याद थप्दा करोडौं कसिसनको खेल हुने स्रोत बताउँछ। कुल लागत ३० अर्ब रुपैयाँ पनि नभएको उक्त आयोजनाको लागत ५५ अर्ब रुपैयाँ देखाई त्यहीअनुसार ६.९ अमेरिकी सेन्टमा प्राधिकरणसित पीपीए गराउन प्रवद्र्धकले गरेको प्रयास सफल हुन नसकेका कारण वित्तीय व्यवस्थापन हुन नसकेको हो। पश्चिम सेती (सात सय ५० मेगावाट) को लाइसेन्सको म्याद पनि १४ वर्षसम्म पटकपटक गरी थपिएको थियो।

**'पीडीएका नाममा भ्रष्टाचार'**

प्रमुख प्रतिपक्षी एमाओवादीका सभासद् एवं सार्वजनिक लेखा समितिका सभापति जनार्दन शर्माले भारतसँग भएको पीडीए सम्झौताका नाममा सरकारले नीतिगत भ्रष्टाचार गरेको आरोप लगाएका छन्। संसद्को बुधबारको बैठक प्रारम्भ हुना साथ ढ्यापढ्यापे समयमा उनले भने, 'कर्णाली जलविद्युत् परियोजना विकास सम्झौता (पीडीए) बाट वर्तमान सरकारले भ्रष्टाचार गरेको छ। सम्झौता कार्यान्वयनबारे अविलम्ब संसद्लाई जानकारी दिनुपर्‍यो।'

पीडीए गर्दा सरकारले प्रवद्र्धक भारतीय कम्पनी जीएमआरलाई आयकर छुट दिने कुरा गर्नु कानुनविपरीत भएको दाबी शर्माले गरे। निजी कम्पनीले गर्ने काममा सरकार जमानी बस्नु गलत भएको दाबी पनि उनले गरे।

श्रोतः कारोवार, २०७१/६/३१

## जलस्रोतबारे द्विपक्षीय छलफल हुने

नेपाल र भारतबीच दुईपक्षीय विद्युत् व्यापार सम्झौता (पीटीए) र आयोजना विकास सम्झौता (पीडीए) भएको सय दिन पुगेको अवसरमा राजधानीमा नेपाल भारतका अधिकारीबीच शुक्रबार संयुक्त अन्तत्रि्रmया हुने भएको छ । पीटीए र पीडीएले लगानीको वातावरण बने पनि नीतिगत रूपमा भएका समस्या र समाधानका लागि नेपाल–भारत मैत्री समाजको आयोजनामा कार्यक्रम हुने समाजले जनाएको छ ।

समाजले बिहीबार पत्रकार सम्मेलन गरी दिइएको जानकारीअनुसार कार्यक्रममा भारतीय ऊर्जा तथा वातावरण परिषद्का अध्यक्ष सुरेश प्रभु सहभागी रहनेछन् । कार्यक्रममा पीटीए र पीडीए कार्यान्वयन तथा जलस्रोतको विकासका लागि नयाँ नीति, ३ वर्षभित्र लोडसेडिङ अन्त्य कसरी गर्न सकिन्छ भन्नेलगायतका विषयमा छलफल हुनेछ ।

कार्यक्रममा उद्योग वाणिज्य महासंघको जलविद्युत् समितिका अध्यक्ष ज्ञानेन्द्रलाल प्रधानले बदलिँदो जलवायु परिवर्तन र जलविद्युत्को सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नेछन् ।

श्रोतः  कारोवार,  २०७१/६/३१

# सुनकोसी दोस्रो र तेस्रोबाट एडीबी पछि हट्ने

## " विकल्पमा नयाँ जलाशययुक्त आयोजना दिन अनुरोध "

बाबुराम खड्का

काठमाडौं, ३० असोज- निर्माणाधीन बीपी र मध्यपहाडी राजमार्ग डुबानमा पर्ने भएपछि एसियाली विकास बैंक (एडीबी) प्रस्तावित १ हजार ६ सय ४६ मेगावाट क्षमताका सुनकोसी– २ र ३ जलाशययुक्त आयोजनाबाट पछि हट्ने भएको छ । त्यसको विकल्पमा नयाँ जलाशययुक्त आयोजना दिन उसले सरकारसँग अनुरोधसमेत गरेको छ ।

दुवै आयोजनाको जलाशयले बीपी र मध्यपहाडीका अतिरिक्त आसपासका अन्य राजमार्ग पनि डुबानमा पर्ने भन्दै जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले यी आयोजना अघि नबढाउन सरकारसँग अनुरोध गरेपछि एडीबी पछि हट्न लागेको हो ।

बीपी राजमार्ग जाइकाको अनुदानमा निर्माण भइरहेको छ । मध्यपहाडी राजमार्ग सरकार आफैंले बनाइरहेको छ । एडीबीले नेपालको ऊर्जा संकट समाधानका लागि एउटा जलाशययुक्त आयोजना निर्माण गरिदिने भनेपछि सरकारले यी २ आयोजना अघि बढाउन आग्रह गरेको थियो ।

प्रारम्भिक अध्ययनअनुसार सुनकोसी दोस्रोको क्षमता १ हजार १ सय १० र तेस्रोको ५ सय ३६ मेगावाट छ । थप अध्ययनपछि आयोजनाको क्षमतामा घटबढ हुन सक्नेछ । दुवै आयोजनाले बीपी राजमार्गको ३५ र मध्यपहाडी राजमार्गको २५ किलोमिटरका अतिरिक्त दोलालघाट–बाह्रबीसे र खुर्कोट–मन्थली सडकलाई समेत डुबाउनेछ ।

जाइकाले आपत्ति जनाएपछि सुनकोसीको विकल्प दिन एडीबीले अनौपचारिक रूपमा अनुरोध गरेको विद्युत् विकास विभागका महानिर्देशक सञ्जय शर्माले जानकारी दिए । “एडीबीले लिखित रूपमा त यस्तो भनेको छैन,” उनले भने, “तर, उसका अधिकारीहरूले प्रत्येक भेटमा आयोजनाको विकल्प दिन भनेका छन् ।” शर्माका अनुसार नेपालस्थित एडीबीका आवासीय प्रतिनिधिले पनि विकल्प दिन अनुरोध गरेका छन् ।

“एडीबीले आफ्नै खर्चले दुवै आयोजनाको अध्ययन गर्ने भनेपछि गत आर्थिक वर्षको बजेट खर्च नभएर फ्रिज भयो,” शर्माले थपे, “चालू वर्ष पनि बजेट विनियोजन भएन, परियोजनाको काम प्रभावित भयो ।” उनका अनुसार ऊर्जा मन्त्रालयले आयोजनाको सम्भाव्यता र वातावरणीय प्रभाव अध्ययन गर्न परामर्शदाता नियुक्तिका लागि आवश्यक कागजातसमेत तयार गरेको छ ।

आयोजनको सम्भाव्यता र वातावरणीय अध्ययनको काम अघि बढाए पनि एडीबीका कारण रोकिएको उनको भनाइ छ । “पहिला एडीबीले आयोजना बनाउन भनेर सम्भाव्यता अध्ययन र वातावरणीय प्रभाव मूल्यांकन काम थाल्ने भन्यो,” उनले भने, “जाइकाले हुन्न भनेपछि ऊ पछि हट्यो ।”

सुनकोसी दोस्रोको क्षमता १ हजार १ सय ५ र तेस्रो ५ सय ३६ मेगावाट हुने प्रारम्भिक सम्भाव्यता अध्ययनले देखाएको छ । दुवै आयोजनाको जलाशय ठूलो भए पनि धेरै वस्तीलाई प्रभावित नपार्ने देखिएको छ ।

यसअघि सन् १९८५ मा जाइकाले तयार गरेको कोसी जलाधार क्षेत्रको गुरुयोजनाले दुवै आयोजना आर्थिक रूपमा आकर्षक देखाएपछि सरकारले अघि बढाउने तयारी गरेको शर्माले बताए । “पहिला जाइकाले आकर्षक देखाएर आयोजना अघि बढाउन सुझायो, अहिले राजमार्ग डुबानमा पर्ने भन्दैछ,” उनले भने ।

जलाशययुक्त आयोजनाका अतिरिक्त विद्युत् खपत केन्द्र नजिक रहेकाले यसलाई अघि बढाउनुपर्ने पक्षमा उनी

छन् । यो आयोजना बनेपछि प्रस्तावित कोसी उच्चबाँधको उचाइ पनि घटाउन सकिने शर्माको तर्क छ ।
सुनकोसी– २ ले सिन्धुली र रामेछाप तथा सनुकोसी– ३ ले काभ्रे र रामेछाप जिल्लालाई प्रभावित बनाउनेछ । सुनकोसी दोस्रोबाट वार्षिक ४ अर्ब ७६ करोड र दोस्रोबाट २ अर्ब ७ करोड युनिट बिजुली उत्पादन हुने जाइकाले गरेको अध्ययनले देखाएको छ । सुनकोसी– २ को बाँध १ सय ६६ मिटर र तेस्रोको १ सय ४० मिटर अग्लो हुनेछ । दोस्रो आयोजनको बाँध सिन्धुलीको भुवनेश्वर गाविसको च्याकुटार र तेस्रोको काभ्रेको ठूलो पर्सेल गाविसमा निर्माण हुने अध्ययनले देखाएको छ ।

श्रोतः नागरिक, २०७१/६/३१

## माथिल्लो त्रिशूली–१ को म्याद थप्याथप्यै

लक्ष्मण वियोगी

काठमाडौं-दुई वर्षअघि करारमा दिइएको दुई सय १६ मेगावाट माथिल्लो त्रिशूली–१ जलविद्युत आयोजनाको अनुमतिपत्र म्याद सरकारले निरन्तर थप्दै आएको छ। करार सम्झौताअनुसार प्रवर्द्धक कम्पनीले सम्पूर्ण प्रक्रिया पूरा गरे पनि सरकारले आयोजना विकास सम्झौता (पिडिए) टुंग्याउन चासो नदिई म्यादमात्रै थप्दै आएको हो। पिडिए नभएकाले आयोजनाको वित्तीय व्यवस्थापन र विद्युत खरिद सम्झौता (पिपिए) हुन पाएको छैन। म्यादमात्रै थपिँदै आएको छ।

नेपाल वाटर एन्ड इनर्जी कम्पनीले दुई वर्षका लागि लिएको अनुमतिपत्रको म्याद २०६८ पुसमा सकिएको थियो। त्यसपछिको सरकारले अनुमति रद्द गरे पनि विद्युत ऐन, २०४९ को दफा ३५ अनुसार सोही कम्पनीलाई करारमा अनुमतिपत्र दियो। करार सर्तमा १८ महिनाभित्र पिपिए र वित्तीय व्यवस्थापन सक्नुपर्ने प्रावधान थियो।

पिपिए र वित्तीय व्यवस्थापन गर्न ऊर्जा मन्त्रालयले पिडिए टुंग्याई दिनुपर्छ। सरकारले नै काम गर्न नसकेको भन्दै गर्त वर्ष कात्तिकमा तत्कालीन ऊर्जामन्त्री उमाकान्त झाले मन्त्रिपरिषदबाट एक वर्ष म्याद थप्ने निर्णय गराएका थिए। अहिले मन्त्रालयले पिडिए गर्न नसकेकाले पुनः म्याद थप्ने तयारी गरेको छ। ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीले आयोजनाको म्याद ६ महिना थप्न मन्त्रिपरिषदमा प्रस्ताव पठाइएको बताइन्। 'म्यादभित्रै वित्तीय व्यवस्थापनको बाटो खुलाइदिन म्याद थप्न मन्त्रिपरिषद पठाइएको छ,' मन्त्री ज्ञवालीले नागरिकसँग बनिन्। उनका अनुसार अनुमतिपत्रको म्याद थपिएपछि एक/दुई महिनाभित्रै पिडिए टुंगो लाग्नेछ।

बिहीबारको मन्त्रिपरिषद बैठकले म्याद थप्ने तयारी थियो। तर, यसबारे पुनः छलफल गर्नुपर्ने भन्दै मन्त्रिपरिषदको आर्थिक तथा पूर्वाधार समितिमा पठाइएकाले बिहीबार निर्णय हुन नसकेको ऊर्जा सचिव राजेन्द्रकिशोर क्षत्रीले बताए।

ऊर्जा मन्त्रालयका एकजना उच्च अधिकारी भने आफ्नो दायित्व पूरा नगरी लाचार शैलीमा म्याद थपिरहनुलाई मन्त्रालयको गैरजिम्मेवारी भन्छन्। 'समयमा पिडिए टुंग्याएको भए म्याद थप्न पर्थेन, यसमा मन्त्रालयकै कमजोरी छ,' उनले भने।

लगानी बोर्डले माथिल्लो कर्णाली जलविद्युत आयोजनाको पिडिए गरिसकेकाले यही आधारमा त्रिशूलीको पिडिए गर्न सकिने मन्त्रालयका प्रवक्ता केशवध्वज अधिकारीले बताए। 'आयोजनासँग कुन मापदण्डमा पिडिए वार्ता गर्ने भन्ने अन्योल थियो,' उनले भने, 'बोर्डले कर्णालीको पिडिए गरिसकेकाले अब यसैलाई आधार बनाउन सकिन्छ।'

आयोजनाको प्रवर्द्धक कम्पनीलाई पछिल्लो मस्यौदा पठाइएको मन्त्रालयले जनाएको छ। अनुमतिपत्रको म्याद थपिनासाथ कम्पनीसँग समन्वय गरी पिडिए टुंग्याइने अधिकारीले बताए। प्रवर्द्धकले तोकिएका सबै

प्रक्रिया पूरा गरे पनि मन्त्रालयमै धेरै कुरा रोकिएको सम्बिन्धत अधिकारी बताउँछन्।
पिडिएका लागि तीन चरणसम्म छलफल भइसकेको छ। आयोजनामा कोरिया, अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएफसी) लगायत विदेशी निकायले लगानी गर्ने प्रतिबद्धता जनाइसकेका छन्। यसैले अमेरिकी डलरमा पिपिए गरिदिन कम्पनीले सरकारसँग आग्रह गर्दै आएको छ। यो आयोजनामा पिडिएमा के कति सुविधा दिने भन्ने विषय किटान हुने हुँदा पिपिएको प्रक्रियासमेत सँगै अगाडि बढाउनुपर्ने अधिकारीको तर्क छ।
डलरमा पिपिए नभए आयोजनाको वित्तीय व्यवस्थापन गर्न नसकिने कम्पनीका अधिकारी बताउँछन्। आयोजनाको भौगोलिक अवस्था सरल रहेकाले यसबाट उत्पादित बिजुलीबाट नेपाल विद्युत प्राधिकरणलाई फाइदा हुने कम्पनीको दाबी छ। पिपिएका लागि प्राधिकरणमा आवेदन दिए पनि उसले यसबारे कुनै निर्णय गरेको छैन।
२५ मेगावाटभन्दा माथिका आयोजनाको पिपिए गर्न वा डलरमा पिपिए प्राधिकरणले छुट्टै मापदण्ड बनाइरहेको विद्युत व्यापार विभागका निर्देशक हितेन्द्रदेव शाक्यले बताए। उनका अनुसार मापदण्ड तथा नियम बनेपछि त्रिशूली–१ को पिपिए गर्न पनि सहज हुनेछ। कम्पनीले प्राधिकरणसँग ७ सेन्ट अमेरिकी डलरमा आयोजनाको पिपिए गरिदिन भन्दै प्रस्ताव पेस गरेको छ।
आयोजनाको वातावरणीय मूल्यांकन ऊर्जा मन्त्रालयबाट स्वीकृत भई प्राधिकरणसँग 'कनेक्सन एग्रिमेन्ट' भइसकेको छ। कम्पनीले पिडिए कार्यविधिअनुसार तोकिएको तीन लाख २० हजार अमेरिकी डलर पिडिए शुल्क ऊर्जा मन्त्रालयमा जम्मा गरिसकेको छ।
५५ करोड अमेरिकी डलर कुल लागत अनुमान गरिएको सो आयोजनाबाट वर्षामा एक हजार एक सय ४९ र हिउँदमा करिब तीन सय आठ गिगावाट घन्टा विद्युत उत्पादन हुने अध्ययनले देखाएको छ। एउटै कम्पनी प्रवर्द्धक, ठेकेदार र परामर्शदाता भए पनि एपिसी कन्ट्र्याकमा आयोजना निर्माण हुने हुँदा भेरिएसन नहुने उसको दाबी छ।
पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईको दबाबमा २०६९ असार २१ गते आयोजनाको अनुमतिपत्र रद्द गरिएको थियो। योजनाअनुसार काम गरिरहेको अवस्थामा सरकारले हस्तक्षेप गरेको भन्दै दातृ निकायबाट समेत कडा आपत्ति जनाएपछि १५ दिनभित्रै विद्युत ऐनअनुसार सोही कम्पनीलाई अनुमतिपत्र दिने निर्णय भएको थियो।
आयोजनामा कोरियन सरकारको पूर्ण स्वामित्वको कोसेम कम्पनीले ५० प्रतिशत, कोरियाकै केरुङ र ड्यालियम कम्पनीले २५ प्रतिशत र विश्व बैंकअन्तर्गतको अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएफसी) ले १५ प्रतिशत लगानी गर्ने टुंगो भइसकेको छ। यस्तै १० प्रतिशत सेयर स्थानीय जनताका लागि छुट्याइएको कम्पनीले जानकारी दिएको छ।
एसियाली विकास बैंक, जर्मनीको डेज बैंक, फ्रान्सको पापाकोरा र आइएफसीले आयोजनाका लागि ऋण लगानी गर्ने प्रतिबद्धता जनाएका छन्। आयोजनाले प्रवेशमार्ग, वातावरणीय अध्ययनलगायतका काममा करिब ५० करोड रुपैयाँ खर्च गरिसकेको जानकारी दिएको छ।

श्रोतः राजधानि दैनिक, २०७१/६/३१

## विद्युत्प्रा धिकरणको कार्यकारी निर्देशकमा काफ्ले

काठमाडौं÷रास— सरकारले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा मुकेशराज काफ्लेलाई नियुक्त गर्ने निर्णय गरेको छ ।इन्जिनियर अध्ययन संस्थान पुल्चोकमा अध्यापन गर्दै आएका र प्राधिकरणका पूर्वसञ्चालक सदस्यसमेत रहेका काफ्लेलाई बिहीबारको मन्त्रिपरिषद्ले कार्यकारी निर्देशकमा नियुक्त गर्ने निर्णय गरेको हो । सरकारका प्रवक्ता एवं सूचना तथा सञ्चारमन्त्री डा. मीनेन्द्र रिजालले बाँकी अवधिका लागि काफ्लेलाई कार्यकारी निर्देशक नियुक्त गर्ने निर्णय गरेको जानकारी दिए । कार्यकारी निर्देशकमा नियुक्त भएका काफ्लेले जलविद्युत् उत्पादन, वितरण र प्रसारण लाइन निर्माणका लागि आफ्नो मुख्य जोड हुने बताए । 'प्राधिकरणको काम, कर्तव्य र दायित्वलाई पूरा गर्न पूर्ण सक्रिय भएर लाग्नेछु,' उनले भने ।

खुला प्रतिस्पर्धामा वैकल्पिक उम्मेदवारको नाताले कार्यकारी निर्देशक नियुक्त गर्न सर्वोच्च अदालतमा काफ्लेले मुद्दा दायर गरेकोमा तत्कालीन प्रधानन्यायाधीश दामोदरप्रसाद शर्मा र न्यायाधीश चोलेन्द शमशेर जबराको संयुक्त इजलासले १५ साउनमा उनलाई नियुक्ति गर्न परमादेश (बाध्यकारी आदेश) दिएको थियो । कार्यकारी निर्देशकका लागि भएको खुला प्रतिस्पर्धामा १८ मंसिर ०६९ मा उनको नाम वैकल्पिक सूचीमा निस्किएको थियो भने रामेश्वर यादवको नाम मुख्य सूचीमा थियो ।

०७० भदौमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गुणस्तरहीन ट्रान्सफर्मर प्रकरणमा रामेश्वर यादवलाई पक्राउ गरेर विशेÈ अदालतमा मुद्दा हालेपछि उनी निलम्बनमा परेका थिए । त्यसपछि ऊर्जा मन्त्रालयले यादवलाई छनोट हुँदाको कार्यादेश (टीओआर) अनुसार काम नगरेको भन्दै उनलाई हटाएर तत्कालीन जल तथा ऊर्जा आयोगका सहसचिव अर्जुन कार्कीलाई प्राधिकरणको कार्यकारी निर्देशक बनाएको थियो ।मुख्यसूचीमा रहेका व्यक्तिको पद कुनै कारणले एक वर्षभित्र रिक्त रहे वैकल्पिक उम्मेदवार स्वतः प्राधिकरणको कार्यकारी निर्देशक बन्न पाउने व्यवस्था भए पनि आफूलाई नियुक्त नगरेको भन्दै काफ्लेले २२ कात्तिक ०७० मा सर्वोच्च अदालतमा मुद्दा हालेका थिए ।